# संघीय संसद

# राष्ट्रिय सभा

# सत्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २५ फागुन २०८१

# आइतबार

# बैठक सङ्ख्या-१२

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१९ बजे प्रारम्भ भयो।

(१३:१९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य माननीय सदस्य उदयबहादुर बोहरा।

(१३:२० बजे) <u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, केही समय यता काठमाडौं लगायत मुलुकका केही सहरहरूमा नारा जुलुस भइरहेका छन्। उक्त जुलुसमा सरकार मात्र होइन वर्तमान लोकतन्त्रप्रति नै प्रहार भइरहेको छ। सरकार खुट्टी हेर्दै थाहा पाइयो भन्दै खिसी ट्युरी गर्दै जग हँसाइरहेको छ। हिजो पञ्चायती व्यवस्थाको अन्त्य हुँदा पञ्चहरू पनि मुट्ठीभर तत्व भन्दै बहुलवादीहरूको उपहास गरिरहेका हुन्थे आखिर पञ्चायत मक्किसकेको थियो र पञ्चायत ढल्यो। त्यसो भएको हुनाले आज फेरि पनि सरकार र सरकारका मन्त्रीहरूको रवैया र कार्यशैली हेर्न लायक छ। उहाँहरु प्रतिपक्षको प्रतिपक्षहरुप्रति सहिष्णुता हुनुहुन्न। उहाँहरूको चाहिँ विचार जुन छ फरक विचारको

सुन्न चाहनुहुन्न। भ्रष्टाचार बिचौलिया र कुशासन महङ्गी व्यापक छ। यसलाई नियन्त्रण गर्नुस्। म सरकारलाई अध्यक्षज्यू मार्फत आह्वान गर्न चाहन्छु। तपाईहरुको कार्यशैलीलाई सच्याउनुस् अन्यथा मुलुकमा फेरि ठुलो समस्या आउन सक्छ। धन्यवाद।

(१३:२१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य गोमादेवी तिमिल्सिना।

(१३:२१ बजे) **माननीय श्री गोमा देवी तिमिल्सीना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, समाजवादी मुलुक उन्मुख देशहरूमा औद्योगिक विकासको निर्माण हुँदै गर्दै जान्छ। तर हाम्रो देशमा दात्रृ राष्ट्रहरुले बनाइदिएका उद्योगहरू धमाधम एकपछि अर्को बन्द हुँदै गएका छन्। लामो समयदेखि उदयपुर सिमेन्ट उद्योग कार्यकारी विहिन कुनै पनि जिम्मेवारीमा कोही नभएको बेवारिसे भएको छ। कामदार कर्मचारी आज भोकभोकै महिनौंदेखि तलब नपाएर छटपटीरहेका छन्। सम्माननीय अध्यक्षज्यू मार्फत तुरुन्त उद्योग सञ्चालन गरी मजदुर कर्मचारीहरूको यो खेलवाड गर्न रोकियोस् भन्ने सरकारलाई आदेश दिनको लागि म अनुरोध गर्दछु। धन्यवाद।

(१३:२१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य तुलप्रसाद विश्वकर्मा।

(१३:२१ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्षज्यू, आज देशको विभिन्न भागमा एकपछि अर्को गर्दै दलितहरू माथिको उत्पीडन, हत्या, हिंसा, बलात्कारका घटनाहरू बढ्दै गइरहेको छ। प्रति घटनाहरूप्रति सरकारले जति तदारुकताका साथ जति जिम्मेवारीपूर्ण किसिमले एक्सन लिनुपर्ने थियो त्यो भइरहेको छैन। रिङ्कु सदाको जुन बलात्कारपछि हत्या भयो जसलाई आत्महत्या भनिएको छ। त्यसका अपराधीहरु अझै पनि फरार छन्। र मुख्य अपराधी अझै समातिएको छैन केही अपराधी मात्र फेला परेका छन्। त्यसो गर्दा दलितमाथिको यो उत्पीडनलाई प्रमुख प्राथमिकतामा राखेर सरकारले कारबाही अगाडि बढाओस् र छिटोभन्दा छिटो त्यो अपराधीहरूलाई पक्डेर पीडितहरूलाई न्याय दिलाइयोस् र क्षतिपूर्तिको पनि मैले चाहिँ माग गर्दै (..... समय सकिएको।)

(१३:२२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य दुर्गा गुरुङ।

(१३:२२ बजे) <u>माननीय श्री दुर्गा गुरुङ्ग (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, बर्दिया राष्ट्रिय निकुञ्ज, उत्तर सेक्टर निकुञ्ज, मध्यवती क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरू जङ्गली जनावरबाट बालीनाली नष्ट गर्ने दैनिक जसो घरपालुवा जनावरहरू मार्ने घटनाका कारण अत्यन्तै पीडित भइरहेको अवस्था छ। उक्त क्षेत्रमा तारजालीको व्यवस्था भएमा ठुलो राहत हुनेछ स्थानीय सरकार र उपभोक्ता समिति समेतको लागि सहभागिता रहने गरी व्यवस्था गरिदिनुहुन अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यान गम्भीर ध्यान जाओस् भन्ने अनुरोध गर्दछु। हस् त धन्यवाद। जय नेपाल।

(१३:२३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:२३ बजे) <u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष, महोदय देशभरिका शिक्षकहरु शिक्षिकाहरु आन्दोलनमा छन्। उनीहरूको समस्यालाई ध्यान दिएर वार्ताबाट समस्याको समाधान गरौं। धेरै दिन शिक्षकलाई सडकमा नै छोड्नु उचित होइन। तत्कालिन समस्या समाधान गर्न सहमति गर्ने पछि ती सहमतीलाई ऐन नियमावलीमा नसमेट्दा विश्वसनीयता देखिदैन। अन्तर्राष्ट्रिय महिला दिवस हिजो संसारभरि मनाइएको होला। हामी नेपालमा पनि मनाइएको छ। हो महिलाको हक हितको संरक्षण सम्बर्धन गर्नु हामी सबै पुरुषहरुको पनि कर्तव्य हो।हामी गौरवान्वित छौं। दक्षिण एसियामा मात्रै हैन संसार भरका धेरै देशभन्दा महिलाहरूको हक अधिकार हाम्रो देशले संरक्षित गरेको छ। तर यतिले मात्र पुग्दैन। यसको क्षेत्र दिनहुँ विस्तार हुँदै विस्तार हुँदै जानुपर्छ। जबसम्म नेपाली समाजमा पुरुषहरुको डोली महिलाहरुको घर भित्र र महिलाको डोली पुरुषहरुको घर भित्र पस्ने वातावरण बन्दैन तबसम्म तबसम्म यो कुरा सम्भव त्यति छैन। धन्यवाद। जय नेपाल।

(१३:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य भुवनबहादुर सुनार।

(१३:२५ बजे) **<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्मानीय अध्यक्षज्यू, देशैभरिका घटनाहरुलाई लिएर जुन रहस्यपूर्ण घटनाहरुलाई लिएर उच्चस्तरीय संसदीय समिति गठन गर्न भनी सदनदेखि सडकसम्म माग भइरहेको छ। तर सरकार चाहिँ रोडिमेड जवाफ दिनलाई रोष्टममा उपस्थित हुन्छ। के सरकारले रोष्टम घेर्न भनेको हो? अध्यादेशको आर्थिक कार्यविधिमा संशोधन गरी रकमान्तरमा थप गरेर रकम अन्तर्गत थप गरेर कार्यक्रम संशोधन गर्न सकिने भनी सदनले स्वीकृत गरेको आयोजना र बजेटलाई अर्थमन्त्रीले आफू खुसी परिवर्तन गर्न सक्ने भन्नुको रहस्य कमिसन, मिलेमतो र पहुँचका आधारमा होइन र सरकार किन यस्तो भइरहेको छ? सदनलाई चाहिँ किन वाइपास गरिरहेको छ। धन्यवाद।

(१३:२६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१३:२६ बजे) **<u>माननीय श्री मदन कुमारी शाह"गरिमा"(नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज म समाजवादी नेता अन्तर्राष्ट्रिय श्रमिक महिला आन्दोलनकी जननी Clara zetkin लाई सम्झन चाहन्छु। जसले सम्पूर्ण महिला विशेष श्रमिक महिलाहरूको मुक्ति आन्दोलनको जग बसाल्नुभयो। र महिलाहरूलाई आफ्ना राजनीतिक, आर्थिक र सामाजिक अधिकारका लागि सङ्घर्ष गर्ने प्रेरणा दिनुभयो। यसैगरी नेपाली महिलाहरूको न्याय, समानता र मुक्तिका लागि मात्र नभएर नेपाली जनताका हक, अधिकारका लागि सम्पूर्ण जीवन आहुती दिनुहुने योगमाया, साहना, साधना, मंगलादेवी, पारिजात, सैलजा आचार्य लगायतका सम्पूर्ण अग्रजहरुलाई सम्झन चाहन्छु। महिलाहरूलाई आत्मनिर्भर र सशक्त बनाउन स्वाधीन अर्थतन्त्रको जगमा अडिएको समृद्ध नेपाल निर्माण अभियानको नेतृत्व गर्ने समाजवादी आन्दोलनमा लाग्न सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईमा हार्दिक अपिल गर्दै सम्मानीय अध्यक्षज्यू मार्फत ११५औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु।

(१३:२७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य मोहम्मद खालिद।

(१३:२८ बजे) <u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय अध्यक्षज्यू, अस्ती वुद्ध एयरको जनकपुरबाट एउटा पाङ्ग्राबिनाको उडान तथा काठमाडौं त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणको घटनाले हाम्रो हवाई सेवा र त्यसको सुरक्षित यात्रामाथि नै एकपटक फेरि प्रश्नवाचक चिन्ह खडा गरेको छ। यस्ता घटनाहरूले लापरवाही र गैर जिम्मेवारीलाई दर्शाउँछ। पर्यटन क्षेत्रलाई समेत हतोत्साहित गर्छ। यस परिस्थितिबाट हामी कहिले मुक्ति पाउँछौं। यसमा त कुनै भौगोलिक विकटता मौसमको खराबीको कुरा थिएन। सरोकारवालाले गम्भीरतापूर्वक अब यस्ता घटनाहरू सकेसम्म दोहोर्‍याउन नदिने प्रतिबद्धता व्यक्त गर्न जरुरी छ भन्ने म सम्माननीय अध्यक्षको मार्फत निवेदन गर्न चाहन्छु।

(१३:२८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य युवराज शर्मा।

(१३:२९ बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, दक्षिणपन्थ, अनिवार्यवाद र पाखण्डपूर्ण अनुकृतावादको जवाफ प्रगतिशीलता, जवाफदेहीता र आदर्शबाद नै हो। सम्माननीय अध्यक्ष मार्फत सरकारको ध्यान यसतर्फ आकृष्ट गराउँदै अब सरकारलाई संविधान हातमा होइन माथमा धारण गर्दै जनताको बढ्दो असन्तुष्टिलाई सम्बोधन गरी सुशासन कायम गर्दै हाम्रोको ठाउँमा राम्रो स्थापित गर्ने अघि बढ्न सम्माननीय अध्यक्ष मार्फत आग्रह गर्दछु। साथै संविधानवादी राजनीतिक दलहरूबीच सहमतिको अधिकतम प्रयासको अपेक्षा समेत राखेको छु। धन्यवाद। होलीको शुभकामना सबैलाई है।

(१३:३० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:३० बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, हामी दिनप्रतिदिन नेपाली जनताले सडक तताएको हामीले देखिरहेछौं। देशभरिबाट सामुदायिक विद्यालयमा पढाउने शिक्षकहरू आज आन्दोलनमा हुनुहुन्छ। हिजो उहाँहरुले ठुलो प्रदर्शन गर्नुभएको छ। कहिले पाँच बुँदे कहिले १२ बुँदे सहमति गर्ने कार्यान्वयन नगर्ने। उहाँहरूको ठुलो माग पनि हामीले देखेका छैनौं। उहाँहरुले शिक्षा ऐन

चाहियो भन्नुभएको छ। शिक्षालाई चाहिने आधारभूत कामहरु पनि सरकारले नगरेर सरकारले नाङ्गो नाच नाचेको छ। यो बेइज्जती नेपाली जनताले कहिलेसम्म सहनुपर्ने सुन्नुपर्ने हो? ठुलो ठुलो विकास गर्नलाई धेरै पैसा चाहिएला तर हामीले कर्तव्य निर्वाह गर्दा आधारभूत कुराहरु त पूरा हुन सक्छ नि। किन आज यस्तो भएको छ। (..... समय सकिएको।)

(१३:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१३:३१ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u> :- सम्माननीय अध्यक्ष महोदय, हिजो मार्च ८, ११५औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस आज एक दिन ढिलो भए ता पनि यो सम्मानित सभामा सम्पूर्ण महिलाहरूप्रति हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु। तर हाम्रो समाजको यो पुरुषवादी संरचना समाज अझै भत्किसकेको छैन। महिलाहरूमाथि दिन प्रतिदिन अन्याय, अत्याचार भइरहेको छन्। त्यस्ता घटना हामी देख्दछौं। त्यसैले महिला मुक्तिको आवश्यकता अझै रहेको छ भन्ने म ठान्दछु। र महिला मुक्ति संघर्षमा सधैं रहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। र ट्राफिक प्रहरीले ट्राफिक प्रहरीले ठाउँ ठाउँमा एकतर्फी दुईतर्फी बनाउने गर्दछन्। सम्माननीय अध्यक्ष महोदय, त्यो ठिकै पनि होला। आवश्यकता अनुसार तर बागबजार पुतली सडकबाट मैतीदेखिसम्मको जुन बाटो छ, मैतीदेवीबाट यता यहाँबाट त्यता बाटो छ। त्यो एकतर्फी भएको धेरै भयो। दुईतर्फी बन्दा पनि हुन्छ। त्यसैले त्यो बाटोलाई दुईतर्फी बनाउनको लागि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, "विशेष समय" मा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म, माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय कमला पन्त। समय १४ मिनेट।

(१३:३२ बजे) <u>माननीय श्री कमला पन्त (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, हिजो ८ मार्च फागुन २४ गते विश्वभरिका महिलाहरूले अन्तर्राष्ट्रिय नारी दिवस हर्षोल्लासका साथ

मनाए। त्यसमा पुरुषको पनि धेरै सहयोग देखियो। म यो ८ मार्चको उपलक्ष्यमा विश्वभरि रहेका सम्पूर्ण महिलाहरूलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्न चाहन्छु। यो Clara zetkin भन्ने एउटा साहसी महिलाले आफ्नो स्वार्थमा होइन महिलाहरूको स्वार्थको निम्ति यो सुरुवात गर्नुभयो। यसलाई विश्वभरिका महिलाले स्वीकार गरे। र यो दिवस मनाउन सुरु गरियो। र हामीले नेपालमा पनि जेठ १६ गतेलाई राष्ट्रिय महिला दिवस भनेर मनाउने गरेका छौं। केही वर्ष यता चार वर्ष भयो मनाउन सुरु गरेको। यो दिवस मनाएर पनि विश्वभरिका महिलाहरूलाई एउटा जागरण उत्पत्ति भएको छ। तर यसमा पुरुषहरूको पनि धेरै ठुलो सपोर्ट प्राप्त भएको छ। यो बिस्तारै यो सकारात्मक पक्ष हो भन्ने मलाई लागेको छ। अब यो यसपटकको नारा चाहिँ "सबै महिला तथा बालिकाको लागि अधिकार समानता र सशक्तिकरण"। अब महिला र बालबालिका भनेपछि यो अन्तरसम्बन्ध छ। महिला र बालबालिका भनेपछि अन्तरसम्बन्ध छ भन्ने हाम्रो मान्यता पनि हो, वास्तविकता पनि त्यही हो। तर केही समय यता सबै कुराहरु नारामा सीमित भाका छन्। अब प्रोग्रेसिभ हुँदै जानुपर्नेमा हाम्रा केही ठाउँहरुमा चाहिँ हामीले गरेका प्रतिबद्धताहरु लागु भएका छन्। केही ठाउँमा भनेको सहभागिताका हिसाबले सहभागितामा वृद्धि भएको छ। तर अर्थपूर्ण सहभागितामा चाहिँ कमजोरी छ।

अब महिलाहरूको अबको मुद्दा अबको नारा अर्थपूर्ण सहभागिता हुनुपर्‍यो र केही छिद्र भेट्टाउने बित्तिकै त्यो छिद्रलाई लिएर महिलाहरुलाई बाइपास गर्ने महिलाहरूलाई कमजोर बनाउने पछि पार्ने परिपाटी अहिले पनि छँदै छ। यसमा चाहिँ सकारात्मक पक्ष भन्न भन्दा फेरि संघीय संसदमा ३४% प्रदेशसभामा ३६.५% स्थानीय तहमा ४१.१% निजामती सेवामा केही वर्ष अगाडि चार पाँच वर्ष अगाडि धेरै लामो पनि होइन। केही वर्ष अगाडि जम्मा ४% महिलाहरूको उपस्थिति थियो भने अहिले २८% महिलाहरूको उपस्थिति पुगेको छ। तर यसमा चाहिँ के भने हामी धेरै उदार हुनुपर्ने अहिलेको आवश्यकता छ। हामी यहाँ महिला सदस्य पनि छौं, पुरुष सदस्य पनि छौं। यो हाउस भित्र हुने पुरुष सदस्यहरु महिलासँग महिला र पुरुष एक सिक्काका दुईटा पाटा हुन् भन्ने हामीले बुझेका छौं। तर नबुझेको ठाउँहरू धेरै छन्। नबुझेको कारणले गर्दा हिंसा बेहोर्न परेको छ, महिलाले छोरीहरुले। महिला भकै कारणले गर्दा बेहोर्नु परेका हिंसाहरु धेरै छन्। दिनदिनै जस्तो मान्यज्यूहरूले यहाँ कुरा उठाउनुभएको छ। ती कुरामा केही समयमा सरकार संवेदनशील पनि होला केही समयमा नहोला तर यो सामाजिक संरचना कस्तो हो हाम्रो? हाम्रो सामाजिक संरचनाले छोरीहरूलाई कमजोर बनाएको छ। छोरी र छोराको बीचमा पेटभित्र हुँदाको अवस्थामा त केही विभेद छैन नि। जमिनमा आइसकेपछि हामीले परिवारले नै विभेद गरेको छ। परिवारले विभेद गरेको छ, हामी आफैले विभेद गरेका छौं। त्यो

विभेदको अन्त्य गराउने भनेको बलियो कानुन भयो भने मात्रै विभेदको अन्त्य हुँदो रहेछ भन्ने हामीले अनुमान गरिसकेम र हामी त्यो निष्कर्षमा पुगेका पनि छौं जस्तो लाग्छ मलाई। किन भन्दा जुन ठाउँमा लेखेको छ बाध्यात्मक अवस्थामा छ। बाध्यात्मक अवस्थामा भएकोलाई चाहिँ सहभागिता जुटेको छ। बाध्यात्मक अवस्था नहुँदाको ठाउँमा चाहिँ सहभागिता लुज भएको छ। मन्त्रिपरिषद्मा पनि त एक तिहाई महिला दिएको भए राम्रै हुन्थ्यो होला। महिलाले त काम गर्थे होला नि। महिला कि की कामै गर्न सक्दैनन् भन्नुपऱ्यो। र अर्को कुरा चाहिँ के भन्दा कृषि र घरेलु काममा लागेका महिलाहरूको संख्या धेरै छ। र तथ्याङ्कले के भन्छ भने महिला कृषिमा लागेका कृषि कार्यमा लागेको पपुलेसन भित्र ६० प्रतिशत चाहिँ महिला सहभागी छन् भन्छ। र ६०% महिलाहरूले गरेको कृषि उत्पादनमा महिलाले गरेको त्यो कृषिमा लागेका महिलाहरुलाई राज्यले के सपोर्ट गऱ्यो त? घरेलु काम घरको काम पनि सकेर कृषि कार्य पनि उल्लेख गर्न भ्याउने। तर राज्यले कुनै पनि सपोर्ट गरेको अहिलेको अवस्था छैन। त्यो पनि अब कृषिमा लागेका केहीलाई अनुदान दिएको छ। अनुदान पनि कस्तो ठाउँमा गएर अनुदान दिन्छ भन्दा जो टाढाबाठा छन्, नजिक आउन सक्छन् र नेताका नजिक, मन्त्रीका नजिक अथवा पहुँचवालाले मात्रै त्यो भेट्टाएको छ वास्तविक कृषिका काममा लागेकाले पाएको छैन। यी कुराहरूलाई कसले गर्दिने मन्त्रीहरू कहाँ जाँदा मन्त्रीलाई नै फुर्सद छैन।

केही बसेर समीक्षा गरुम भनुम भने कसैलाई समय छैन। अब संवेदनशील भएर छलफल गरेर एउटा निष्कर्षमा पुग्ने बेला भइसक्यो। हामी उत्पादन, उत्पादकत्व र बेरोजगारीको कुरा गर्छौं। हाम्रो बजेटमा, हाम्रो पोलिसीमा त्यही छ। अहिले हामी त्यही अनुसार हिँडिरहेका छौं। उत्पादन बढाउनेहरूलाई पनि वेवास्ता गरेको छ। उत्पादकत्वको कुराको त कहाँ छ कहाँ छ र एउटा बन्दा पनि सरकारले किनोस् उत्पादन त्यसै बढ्छ भनेर हामीले पटक पटक कुरा उठाएका छौं। त्यसमा लाग्दैन। त्यसले गर्दा अब अहिले हामी सुशासनको कुरा गर्छौं। सुशासन कहाँबाट आउँछ। सुशासन प्राप्त गर्नको लागि त्यसको मुख्य थलो कुन हो? त्यसमा हामीले छलफल गरेका छैनौं। र जेठ १६ गते २०६३ सालमा एउटा संकल्प प्रस्ताव पास भयो। त्यो संकल्प प्रस्तावले घरेलु हिंसासँग सम्बन्धित महिलाप्रति विभेद गरिएको कानुनलाई त्यो कानुनलाई अन्त गर्नुपर्ने, त्यो कानुन विभेदपूर्ण कानुनको खारेजी गर्नुपर्ने, एकतिहाई महिला राज्यको सम्पूर्ण संरचनामा उपस्थित हुनुपर्ने, आमाको नामबाट नागरिकता पाउनुपर्ने त्यसपछि गएर पैत्रिक सम्पत्तिमा छोराछोरीको समान अधिकार। पैत्रिक सम्पत्तिमा समान अधिकारको कुरा त भाको छ अहिले। तर मुद्दा गरेर लिनुपर्ने, प्राक्टिसमा आउन सकेन। सन्तान भनेर परिवारले मान्न सकेन। छोरा छोरीको बीचमा परिवारले नै विभेद गरेको छ। त्यो

एउटा पक्ष भयो भने अर्को चाहिँ आमाको नामबाट जसले सन्तान जन्माउँछ त्यसले नागरिकता नपाउने। कस्तो हाम्रो मानसिकता। आमाको नामबाट नागरिकता दिनुपर्‍यो भन्ने बित्तिकै सबैलाई ज्वरो आउँछ। अब अन्यथा नहोस् यो संसार यो हाउसका हाम्रा माननीयज्यूहरूलाई चाहिँ ज्वरो आउँदैन मलाई लाग्दैन त्यस्तो। तर सबैलाई ज्वरो आउँछ अनि हामी टेबुलमा बस्ने बित्तिकै होइन महिलालाई त दिन हुँदैन। म कहाँ हिजो एउटा एउटा सानो स्लिप मेरो हातमा आइपुग्यो। के थियो भन्दा विद्युत प्राधिकरणले निकालेको एउटा स्लिप रहेछ। त्यो स्लिपमा के भनेको छ भने पतिको नाम, ससुराको नाम, छोराको नाम त्यसमा चाहिँ उसको नाम दिँदाखेरि सबै त्यहाँ त महिला सदस्यको कहिँ पनि नाम छैन। पति वा पत्नीको नाम, सासु वा ससुराको नाम भन्या भएनी हुन्थ्यो नि। हाम्रो मानसिकता यो कहिले संशोधन हुने यो मानसिकता। त्यो ल्याउन मन लागेको थियो, बिर्सेर आइछु मैले त्यो एउटा स्लिप। काहीँ छैन महिला सदस्यको काहीँ मेन्सन नै गरेको छैन। यो हामी कहिले परिवर्तन हुन्छौं। यो परिवर्तन कहाँबाट गर्ने हो मेरो त छोरीलाई दिएकै छु नि भनेर भएन। यो कालिकोटमा भएको त्यो विकट ठाउँमा भएको छोरीले पनि पाउनुपर्‍यो। यो सम्भ्रान्त परिवारका छोरीहरूलाई त उसको छेलोखेलो सम्पत्ति छ पाइहाल्छ नि। अहिले आमाको नामबाट नागरिकता नपाउनको मूल कारण के हो भने पैत्रिक सम्पत्तिमा उसको बराबरी हक नभएर। पैत्रिक सम्पत्तिमा हक भयो भने त्यसै उसको पनि हक आइहाल्छ अनि उसले छोरीलाई आफ्नो छोराछोरीलाई आफ्नो सन्तानलाई नागरिकता दिन सकिहाल्छ नि।

त्यो कहाँ हामी चुकेका छौं? यसको ठुलो कति ठुलो रिफ्लेक्सन छ? समाजमा यो कुरो नेतृत्वले बुझेको छ कि छैन? हाम्रा संशोधन गर्न सक्ने सबै पक्षले बुझेको छ कि छैन? हामी कुनै ठाउँमा गयो भने तिमीहरु त सांसद हो। तिमीहरुले संशोधन गर्नुपर्‍यो। तिमीहरुले हाम्रो हक दिलाउनु पर्‍यो भन्ने हुन्छ। तर त्यो हक दिलाउनलाई चाहिँ हामी सक्दैनम। महिला सदस्यहरू सधैं कराइराख्या हुन्छ। तर काहीँ पनि सकेको छैन यो कहाँ गएर अल्झिएको छ सम्माननीय अध्यक्षज्यू, नेतृत्व लिनुपर्‍यो। अब कसरी हो संशोधन गर्नुपर्‍यो छोरा र छोरीको बीचमा विभेद हुन भएन। छोरा र बुहारीको बीचमा विभेद हुन भएन। आज ०७४ सालको ०७६ सालको एउटा घटना उसमा हेटौंडामा त्यतिबेला मैले कति कसरी थाहा पाइनछु। हेठौंडामा कुटीकुटी मारेको एउटा न्युजमा पढिराख्या थिए। त्यो त्यसको त्यो यति होनहार छोरी फेरि ट्यालेन्ट उसको बाउआमाले लगेर एउटा राम्रो युनिभर्सिटीमा पढाको मास्टर्स गरेको मान्छे कुटीकुटी परिवारका सदस्यले मारे कारण के रे भन्दा उसको छोरो चाहिँ ऊ अलक्षिनी रे उसको छोरालाई चाहिँ उसले मारेको रे। यस्तो हाम्रो जकडिएको एउटा मानसिकता यो जकडिएको मानसिकता छ। त्यो मानसिकतालाई कसरी हटाउन सकिन्छ? यो असाध्यै ठुलो हामीलाई चाहिँ ठुलो

च्यालेन्ज हो जस्तो लाग्छ सम्माननीय अध्यक्षज्यू। त्यसले गर्दा हामी कुरा देख्दाखेरि सानो होला। अब त्यो एउटा एउटा समस्या आयो आमाले बच्चा जन्माइन त्यो बच्चा आमालाई माया लाग्छ र माया नगरेर पनि उसलाई बाध्यता छ। उसको आफ्नो आफूले जन्माएको बच्चा अनि त्यो चाहिँ एउटा हुम्लामा बसेको एकजना जागिर खान गाको कोही एउटा मान्छे मैले एक्जाम्पलको लागि मात्रै भनेको कोही मान्छेले एउटा महिलाप्रति दुर्व्यवहार गऱ्यो उनी प्रेग्नेन्ट भइन्। आएर बच्चा जन्माइन बच्चा जन्मिसकेपछि अनि उसको बच्चालाई नागरिकता दिने बेलामा उसको दुलाहा कहाँ छ कहाँ छ। उसको त्यो पेटको बच्चा त उसैले जन्माउन हुर्काउनु पऱ्यो। अनि त्यसपछि उसले कहाँबाट ल्याएर नागरिकता दिने? आमाको पीडा बुझ्दिने कसले बुझ्दिन्छ त्यो छोरा पनि त त्यो हाम्रा हाम्रो गर्न सक्ने ठाउँमा रहेकालाई पनि त त्यही आमाले जन्माएको होला। यो एकदमै सुन्दाखेरि एकदम सिम्पल जस्तो लाग्छ। यसको यति ठुलो प्रभाव नकारात्मक असर छ समाजमा यो असरप्रति हामी गम्भीर हुनुपर्छ। हामीले त्यत्रो चर्को चर्को कुरा गर्छौं। हिजो मात्रै हामीले अन्तर्राष्ट्रिय नारी दिवस मनायो त्यो मनाउँदा पनि मलाई त अप्ठ्यारो पनि लाग्छ वास्तवमा बोलाए साथीहरुले भनेपनि के भन्ने गएर जस्तो लाग्छ केही परिवर्तन गर्न सकिँदैन धेरै जोखिम मोलेर आमाको नामबाट नागरिकता पाउनुपर्छ भनेर एउटा ०६३ को पुनर्स्थापित संसदबाट धेरै न जोखिम मोलेर त्यो संकल्प प्रस्ताव पास गरियो परिणाम त शून्य छ। खोई हिंसा घटेको खै हिंसा पहिलो एउटा काम गर्छु भनेर कमिटमेन्ट गरोस् सरकारले। म यो मुलुकमा भाको महिलामा भएको हिंसाको अन्त्य गर्छु भनेर कमिटमेन्ट गरोस् न त हामी अर्को चोटी भन्दै भन्दैनम। अनि हामीले मात्रै भन्नुपर्ने महिला हिंसाको कुरा? महिलाले मात्रै भन्नुपर्ने देशभरिका, विश्वभरिका महिलाले मात्रै हिंसा अन्त्य गर अब कामकाजी महिलाहरूको हिंसा कति धेरै छ अध्यक्षज्यू। कामकाजीमा लागेका महिलाहरूको हिंसा एउटा समय व्यवस्थापनमा हिंसा हिंसा छ। म एउटा यहाँहरुलाई एउटा कुरा भन्छु। म घरमा जान्छु। म आफै म एउटा सदस्य म धेरै महिलाहरुलाई परिवर्तन गर्नुपर्छ अवस्थाको महिलाको अवस्थाको भन्ने मान्छे म घरमा जाने बित्तिकै मेरो बुढो ससुरा हुनुहुन्छ ८९ वर्षको। म घरमा तल पुग्ने नारायण नारायण भन्नुहुन्छ। त्यो भनेको त ढिलो आइस भन्या होला अथवा केही होला नि यो सांकेतिक कुरो मात्रै भनेको मैले। यो के हो भने नि हिंसाको पनि प्रकृति हुन्छ।कहि राजनीतिक हिंसा हुन्छ, कहिले सामाजिक हिंसा हुन्छ, कहिले शारीरिक हिंसा हुन्छ। कुटपिट, मार्ने त्यस्ता खाले हिंसा हुन्छन्। यो खाले कुराहरुलाई कसले बुझाउने? त्यो ८९ वर्षकोलाई त म संशोधन गर्न सक्दिन। मैले बुझेको छु यो उहाँहरूको बानी नै त्यही हो भनुम्ला। तर मैले मेरो फिलिङ चाहिँ के हुन्छ भन्दा यो हिंसै हो एक किसिमको भन्ने फिलिङ हुन्छ। सानो स्वरमा बोलिरहेको मान्छे पनि ठुलो स्वरमा नारायण नारायण भन्नुहुन्छ। भनेपछि

त्यो एक किसिमको मैले के भने exampleको रुपमा मात्रै भनेको मलाई त्यसले कुनै फिलिङ हुँदैन म बुझ्छु। तर के भन्दा यस्ता धेरै कुराहरु छन्। कुटीकुटी मारेको हिंसालाई के भन्ने? अनि सामूहिक रुपमा बलात्कार गरेर मारेको हिंसालाई के भन्ने ? सामूहिक रूपमा बलात्कृत भएको एउटा छोरीको छोरीलाई न्याय दिलाउन नसकेर देशभरिका आमा अभिभावकहरु रोएर बसेका छन्। त्यसलाई के भन्ने? प्रायोरिटीमा राखुस्। कुन काम पहिला गर्ने प्राथमिकता त हुन्छ नि आफ्नो छोरी र अर्काको छोरीलाई समान आँखाले हेर्नुपर्‍यो। त्यो एउटा छोरी हो मेरो छोरी पनि यस्तै हो भनेर हेरेर हिंसाको अन्त्य होस्। यो यसले चाहिँ यही सन्देश दियोस्। म यही शुभकामना विश्वभरि रहेका महिला (..... समय सकिएको।)

(१३:४६ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्य जगप्रसाद शर्मा समय ९ मिनेट। यसपछि माननीय सदस्य जयन्ती देवी राई।

(१३:४७ बजे) <u>माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्मानीय अध्यक्ष महोदय, माननीय सदस्यहरू आजको विशेष समयमा म तीनवटा विषयमा केन्द्रित भएर कुरा राख्न चाहन्छु। यतिखेर बाहिर सडकमा तीन प्रकारका जुलुसहरू हामी देखिरहेका छौं। एउटा जुलुस राजा फर्काउने रे। एउटा जुलुस यो देशलाई अँध्यारोबाट उज्यालोतिर लिने शिक्षाको ज्योति छर्ने शिक्षकहरूको जुलुस। एउटा जुलुस हर्सौं महिनौ हर्सौंदेखि वर्षौं देखि संघर्षरत छन्। हर्सौं भइसक्यो काठमाडौंमा आएर धर्ना गरिरहेका छन् जसलाई यो देशको धर्तीपुत्रका रुपमा चिनिन्छ। थारु समुदाय स्वर्गद्वारी गुठी स्वर्गद्वारी गुठी आन्दोलन गरिराखेका छन्। तिनीहरूको जुलुस हर्सौंदेखि छ यो तीन प्रकारका फरक प्रकृतिका जुलुस अहिले चलिरहेका छन्। अर्कोतिर झन्डै दुईतिहाइको सरकारले यो देशमा शासन गरिरहेको छ। जनताका आशा अपेक्षाहरू आफ्ना ठाउँमा छन्। हामीले यो सबैलाई एकमुष्ट रुपमा जस्तो केलाएर हेर्‍यौं भने न त एकातिर हामीले अराजकता बढिराखेको देख्छौं। संविधान विरोधी हर्कतहरु भइरहेको अगाडि गइराखेका देखिराखेका छौं। सरकारले दिनुपर्ने सेवा प्रवाहमा कहीं न कहीं कुनै न कुनै रूपको एउटा अवरुद्ध बन्ध्याकरण भएजस्तो अवरुद्ध भए जस्तो अनुभूति जनतालाई भइराखेको छ। प्रतिपक्षको आवाजलाई सुन्ने सकारात्मक ढंगले लिने त्यसलाई सकारात्मक ढंगले ग्रहण गर्ने कुरा सरकारले गरिराखेको छैन। यो स्थितिबाट देश देश गुज्रीराखेको हामीले पाइराखेका छौं। थाहा छ सम्माननीय अध्यक्ष महोदय, हामीले नेपाली समाजमा विश्वका धेरै देशहरु मध्ये नेपाली समाजमा सबभन्दा लामो समय लगाएर सबभन्दा

कठिन र चुनौतीपूर्ण सङ्घर्ष गरेर अढाई सय वर्ष अगाडिदेखिको जरा गाडेर बसेको निरंकुश सामन्तवाद राजतन्त्रको अन्त्य गरेका हौं। जो राजतन्त्र अन्त्य भइसकेपछि अहिले तथाकथित प्रतिगामी शक्तिहरू राजा फर्काउने जसले राजाको वंश विनाश गरिसकेका हुन् तिनैले राजा फर्काउने एउटा नाटक मञ्चन बाहिर गरिराखेका छन्। जो एउटा संविधान विरोधी हर्कत पनि उनीहरुले गरिराखेका छन् यो व्यवस्था विरोधी संघीयता विरोधी एउटा क्रियाकलापहरु उनीहरुलाई उनीहरुले जे गरिराखेका छन् यो अराजकतालाई नियन्त्रण गर्न कन्ट्रोल गर्न सरकार किन सकिराखेको छैन। प्रतिपक्षको कुरा सरकारले किन सुनिराखेको छैन। हामीले यो पनि देखिराखेका छौं। देशले राष्ट्रले बजेट ल्याउने अवस्थामा आइपुगेको छ। पुँजीगत खर्च हेर्दा ५०% पनि खर्च भएको छैन राजस्वको निर्धारित लक्ष्य पुग्ने त आज कता हो कता परै छ देशको पच्चीस, छव्वीस, सत्ताइस खर्बभन्दा बढी ऋण आज माथि उकालो चढ्दै छ अर्को सिढी चढ्दै छ। यो सबै स्थितिमा आर्थिक संकट जे छ। राजनीतिक संकट जो छ। यो सबै हिसाबले सरकारले त यतिखेर राष्ट्रिय सहमति खोज्नुपर्ने, यो समस्याको समाधान खोज्नुपर्ने, प्रतिपक्षको आवाज सुन्नुपर्ने अवस्था हो। त्यो सुनिराखेको छैन तसर्थ सम्माननीय अध्यक्ष मार्फत सरकारको गम्भीर ढंगले ध्यानाकर्षण गराउन चाहन्छु। कि देशमा बढिराखेको अराजकता संविधान विरोधी हर्कत सरकारले तुरुन्त नियन्त्रण गरोस्। यो कथित राजावादीका नाउँमा, राजालाई फर्काउने नाउँमा जसले वंश विनाश गरे तिनैले जुन ढङ्गको नयाँ नाटक मञ्चन गरिराखेका छन्। त्यसको नियन्त्रण कन्ट्रोल सरकारले गरोस् भन्ने कुरा म अनुरोध गर्न चाहन्छु। कतै अहिलेका विद्यमान राजनीतिक पार्टीहरुले कित्ता क्लियर गर्नुपर्ने। कहिँ न कहिँ कुनै न कुनै ढङ्गको एउटा पुरानो अवशेष बेबी किङ भन्ने वर्ल्ड किङ भन्ने अथवा युथ किङ भन्ने यस्तो सोचाई अथवा यस्तो मनोभावनाले कतै काम गरेर यस्तो भएको त होइन। अथवा यो प्रवृत्ति र त्यो प्रतिगामी प्रवृत्तिबीचको कहिँ न कहिँ कुनै न कुनै ढंगले अपवित्र प्रकारको अप्रत्यक्ष ढंगले गठबन्धन त छैन भन्ने शंका गर्न सकिन्छ। तर पनि संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था जो छ यसको विकल्प राजतन्त्र अथवा प्रतिगमन हुन सक्दैन यो संविधानको विकल्प समाजवादी संविधान हुन सक्छ। योबाट अगाडि बढ्न सकिन्छ र प्रतिगमन यसको विकल्प होइन। गणतन्त्रको विकल्प राजतन्त्र होइन। यो संविधानको विकल्प पछि फर्किने कुरा हुन सक्दैन यो कुरा हाम्रो पार्टी प्रतिपक्षको तर्फबाट म र मेरो व्यक्तिगत तर्फबाट म जोडदार ढंगले राख्न चाहन्छु पहिलो कुरा।

दोस्रो कुरा स्वर्गद्वारी गुठी जो दाङको घोराहीमा यसरी सरसर्ती हेर्दा दाङको घोराहीमा घोराही स्थित ठाउँमा १९५२ सालमा आजभन्दा झन्डै पचहत्तर, असी वर्ष पहिला स्वर्गद्वारी आश्रम स्थापना भएको हो। त्यो १९८० देखि स्वर्गद्वारी आश्रम आश्रमका त्यो स्थापना भइसकेपछि १९८० देखि त्यसका त्यो मन्दिरका महन्त, सन्त महन्त पुजारीहरूका चेलाहरु त्यहाँ

बस्न थालेका हुन्। र त्यहाँ त्यतिखेर बस्ने बेला १२०० भन्दा बढी बिगाघा जग्गा थियो। दाङको उर्बरभूमि १२०० बिगाघा भन्दा बढी जग्गा थियो तर २०२७ सालको नापीपछि त्यो १०५० बिगाघामा झऱ्यो। र त्यो जग्गालाई एउटा ताम्रापत्रमा एउटा सन्त महन्तले के लेखेको एउटा चर्चा गर्ने गरिन्छ भने यसलाई खण्डित गर्न पाइँदैन टुक्रा टुक्र्याउन पाइँदैन भन्ने चाहिँ ताम्रापत्रमा उल्लेख गरेको पाइन्छ तर त्यो १२०० बिगाहाबाट अहिले आएर हेर्दाखेरि १०५० बिगाहा मात्रै छ १५० बिगाहा हराएको छ। २०३३ सालमा गुठी ऐन बन्यो त्यो गुठी ऐन बनिसकेपछि २०६२ सालमा सर्वोच्च अदालतले त्यहीलाई त्यही ताम्रपत्रलाई आधार बनाएर यसलाई खण्डीकरण नगर्नु त भन्यो तर २०७२ सालमा जारी भएको संविधानले भोगाधिकार जमिनमाथिको अधिकार भोगाधिकारमा जो वर्षौंदेखि जो त्यहाँको थारु समुदाय झन्डै झन्डै आठ हजार, १० हजार वर्ष अगाडिदेखि त्यहाँ बस्दै आएको तथ्यले प्रमाण थुप्रै प्रमाणहरुले तथ्यहरुले प्रमाणित गर्दछ। त्यसैले त्यहाँका त्यतिखेरको बस्ती सुरुमा जस्तो आजभन्दा झन्डै सय, डेढसय वर्ष अगाडि २८९ घर थिए र अहिले त्यो ३००५ घर धुरी हुन आइपुगेको छ। ती सबै मोहीयानी हकबाट वञ्चित भएका छन् र बस्ने ठाउँबाट बेदखल गरिएका छन्। तसर्थ सरकारले नयाँ कानुन बनाएर जो सर्वोच्च अदालतले पनि भनेको छ सर्वोच्च अदालतको २०६२ सालको फैसलालाई सम्मान गर्दै नयाँ कानुन बनाएर उनीहरुलाई मोहीयानी हक दिने कुरा गुठीको परम्परालाई पनि कायम राख्ने कुरा र त्यहाँको समस्यालाई समाधान गर्नका निम्ति सरकारको सम्माननीय अध्यक्ष मार्फत म गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु। र अर्को कुरा जो शिक्षा क्षेत्रमा कैयौं विज्ञ शिक्षा विज्ञहरूले भन्ने गर्छन् कुनै पनि देशलाई बर्बाद बनाउनका निम्ति कुनै बमगोला बारुद चाहिँदैन। त्यो देशको शिक्षा बर्बाद पार्दिएपछि त्यो देश बर्बाद हुन्छ भन्ने जे एउटा भनाइ छ। त्यो अनुसार विडम्बना नै भन्नुपर्छ २०२८ सालको नै अहिले पनि अहिले पनि शिक्षा ऐन छ। जुन शिक्षा ऐनमा दुई प्रकारको शिक्षा प्रणाली छ। झन्डै सत्र, अठार प्रकारका शिक्षकहरू छन्। यो सबैलाई हल गर्ने गरी समाधान गर्ने गरी शिक्षा ऐन सरकारले तत्काल ल्याउनुपऱ्यो र यो शिक्षक महासंघ जो कुनै राजनीतिक पार्टीको भात्रृ संगठन होइन। सबैको साझा संगठन र नेपालमा रहेका शिक्षकहरूको निम्ति अथवा शिक्षा क्षेत्रमा एउटा महत्वपूर्ण भूमिका खेल्दै आएको शिक्षक महासंघ जो अहिले आन्दोलनमा उत्रिएको छ। विगतमा पनि आन्दोलनमा पटकपटक उत्रियो सरकारसँग राज्यसँग पटकपटक गम्भीरतापूर्वक सहमति भए ती सहमतिहरूलाई सरकारले कार्यान्वयन गर्न सकेको छैन। त्यसकारण म दुईटा कुरा यहाँ गम्भीरतापूर्वक राख्न चाहन्छु। शिक्षक महासंघले उठाएको यो आन्दोलनलाई तत्काल वार्ताद्वारा समाधान गरेर शिक्षा ऐन अगाडि बढाउने कुरा र उहाँहरूका मागलाई सम्बोधन गर्न सरकारको म गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु। र अन्त्यमा नजिक नजिकै आएको यो होली पर्व जो छ। जो २९ गते र चैत्र १ गते होली पर्वको एउटा महत्वपूर्ण पर्वका निम्ति सबै माननीय सदस्यहरुलाई, सम्माननीय अध्यक्ष ज्यूलाई म हार्दिक यो होली पर्वको सन्दर्भमा हार्दिक शुभकामना व्यक्त गर्दै मेरा भनाइ अन्त्य गर्दछु। धन्यवाद।

(१३:५६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:-माननीय सदस्य जयन्तीदेवी राई समय १२ मिनेट। यसपछि माननीय सदस्य मोहम्मद खालिद।

(१३:५६ बजे) **<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:-सम्माननीय अध्यक्ष महोदय, हामी यतिबेला अन्तर्राष्ट्रिय ११५औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइरहेका छौं। र म यो दिवसको सन्दर्भमा, अवसरमा यहाँहरुलाई सम्पूर्ण यहाँहरुलाई र नेपालीहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। र यो दिन प्राप्तिको निम्ति निरन्तर संघर्ष गरिरहनु हुने समाजवादी महिला नेत्री clara zetkin र नेपाली महिला आन्दोलनको अग्रज योग माया न्यौपाने, मंगलादेवी सिंह र कामुक्छ देवी, मोतीदेवी श्रेष्ठ, शैलेजा आचार्य, साधना प्रधान, साहना प्रधान, पारिजात लगायत सम्पूर्ण आदरणीय महिला योद्धाहरूप्रति हार्दिक सम्मान गर्न चाहन्छु र भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय हामीले त्यस्तो कुनै दिन छैन कि आज महिलाहरूको हिंसा न्यूजमा नआएको र हामीले हामीले त्यो कल्पनै पनि गर्न सकिन्न र हामीले हेर्न होइन सुन्न पनि सकिन्न। के आज अत्यन्तै जघन्य अपराध महिला उपर घटिरहेको आफ्नै श्रीमानले हत्या गरेको हत्या गरेर पनि चित्त नबुझेर टुक्रा टुक्रा पारेर मारेर फालेको। आफ्नै श्रीमतीको टाउको काटेर झोलामा बोकेर हिँडेको।आफ्नै श्रीमतीको हात काटेर फालेको। सामूहिक बलात्कार एउटा किशोरीहरू माथि गर्छन् त्यसपछी हत्या गर्छन।यौन दुर्व्यवहार गर्न नपाएर उनीहरुले हत्या गर्छन् र आज साँच्चै भन्ने हो भने महिलाहरूको, छोरीहरूको, बुहारीहरूको काहीँ पनि कतै पनि कुनै कोहीबाट पनि सुरक्षा छैन। आज स्कूल गएको छोरीहरू सकुशल घर फिर्छ कि फिर्दैन। घरमा एक्लै छोडेको छोरी सकुशल घरमा छन् कि छैन। राजा घाँस दाउरा गरेको छोरी बुहारीहरु सकुशल फिर्छ कि फिर्दैन आज यो त्रासमा सबै अभिभावकहरु त्रसित भएर बाँचिरहनु परेको स्थिति छ। यो मुलुकको अवस्था। यो कति घिनलाग्दो छ र कति निरीह छ यहाँ आज यो राज्य। हो यतिबेला हामी राजनीतिक परिवर्तन निकै ठुलो भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा हामी बसेका छौं। त्यसपछाडि हामीले दुईवटा स्थानीय निकायको निर्वाचन र सङ्घको र प्रदेशको निर्वाचनहरू हामीले गरिसकेका छौं। थुप्रै महिलाहरू हामीले स्थानीय निकायमा त्यस्तो जनप्रतिनिधिहरू पनि प्राप्त गरेका छौं। तर पनि के हो भन्दाखेरि महिला हिंसाको अन्त्य भएको छैन, अन्त्य त परै जाओस् झन् विभिन्न किसिमको हिंसाहरु एकदमै हिंसाको प्रकृतिहरू झन् भयानक भयानक खालका चाहिँ घटिरहेको छ। आज भन्नुहुन्छ भने दिनमा छ जना महिलाहरूको

चाहिँ बलात्कार भइरहेको छ। एक वर्षमा ५ हजार भन्दा धेरै चाहिँ महिला हिंसाको घटनाहरु दर्ता भएका छन्। त्यो दर्ता भएको मात्रै नभएका त्योभन्दा धेरै छन्। आज हरेक महिलाहरू बहुसंख्यक महिलाहरू चाहिँ आज हिंसा पीडित छन्। र आज किन दर्ता गर्दैनन् भने उहाँहरूको जीवन सुरक्षित छैन। भोलि गएर आज बलात्कार भएको महिला हो भने उनीहरुलाई उनीहरूको जीवनमा सामाजिक रुपमा अपहेलना अपमान सहनुपर्ने अवस्था छ। त्यसकारणले पनि आज महिलाहरु आफै पीडित प्रताडित हुँदै चाहिँ अब बाँच्नुपर्ने यो समाजमा त्यो अवस्था अहिले एकदमै विद्यमान छ। त्यसो भएको कारणले पनि आज हामीले गम्भीर बन्नपर्छ।

आज हामी राज्य सबै राजनीतिक दलहरू नागरिक समाज सबै आज चाहि एकदमै गम्भीर बन्नुपर्ने स्थिति छ।र अहिले भन्नुहुन्छ भने सबैभन्दा बलात्कार र हिंसाको घटनाहरू भनेको बलात्कारको घटनाहरु भनेको नचिनेको मान्छेहरुबाट होइन। साठी प्रतिशत चिनेको मान्छे आफन्तबाट। आफ्नै घरको बुवा, दाजु, भाई, काका, मामा देखि लिएर विद्यालयको शिक्षक कोही पनि आज उनीहरु यो छुट छैनन्। आज यस्ता घटनाहरू बाहिर आउन सकेको छैन। त्यसकारणले हामीले आज एकदमै धेरै गम्भीर बन्नपर्ने स्थिति छ। र अहिले महिलाहरूको अवस्था एकदमै नाजुक विभिन्न नाममा धर्म, संस्कृति, संस्कार, परम्परा सबै नाममा चाहिँ आज महिलाहरूलाई प्रताडित गर्ने यी गलत व्यवहारहरु भएका छन्। कहिले छाउपडीको नाममा, कहिले बोक्सीको नाममा, कहिले चाहिँ बादीका नाममा, कहिले उनीहरुलाई चाहिँ दाइजोको नाममा आज यी हो धर्म आफ्नो ठाउँमा सम्मान छ। संस्कृति आफ्नो ठाउँमा सम्मान छ। तर त्यहाँको आडमा बनेका यी गलत प्रवृत्तिहरूले गलत व्यवहारहरुले गर्दा आज प्रताडित महिलाहरु नै बनेका छन्। त्यसकारणले यी गलत खालका संस्कृति, धर्म, रुढीबादी, परम्परा, उखान, टुक्का यी सबैको अन्त्य गर्नको निम्ति आज अभियानको रुपमा राज्य सबै लाग्नुपर्ने अवस्था छ। अहिले पनि धेरै महिलाहरुले न्याय पाएका छैनन्। भागीरथ भट्ट, केरे निर्माला पन्त जस्ता धेरै वर्ष भइसके। तत्कालै पनि यही वर्ष पनि आज अछामका दुईवटा किशोरीहरु मारिएका छन्। आज आफ्नै श्रीमानले हत्या गरेका छन्। ममता सापकोटालाई। त्यसपछाडि अहिले रिङ्कु सदा जहाँ सामूहिक बलात्कारबाट मारेका छन्। उनीहरू अहिले पनि उनीहरूलाई कारबाही गरिएको छैन। त्यसकारणले म सरकारलाई यहीँ यो एकदमै सम्मानित सभाबाट म माग गर्न चाहन्छु उनीहरूलाई कारबाही गरियोस् र न्याय दिइयोस्। र म भन्न चाहन्छु आज हामीले परिकल्पना गरेको मुलुक, परिकल्पना गरेको समाज, परिकल्पना गरेको परिवार के आज यो अवस्थामा रह्यो भने हुन्छ? आज भाषण गरेर थाक्दैनन्। आज सबै समानताको कुरा गर्छन्। स्वतन्त्रताको कुरा गर्छन्। तर घरमा आएर त्यहीँ छोरीलाई छाउपडी छाउ गोठमा राख्छन्।

त्यहीँ दलितहरूसँग विवाह गऱ्यो भनेर छोरीहरूलाई समाजबाट निष्कासन गर्छन्। आज जान्नेहरू नजान्नेले होइन जान्नेहरूले, बुझेकाहरूले, पढेलेखेकाहरूले, नेताहरूले म आरोप पनि गर्न चाहन्छु। के आज हामीले परिकल्पना गरेको यो समाज बन्छ? के आज यो सबै समाजको Question हो कि होइन? प्रश्न हो कि होइन? के आज यो समृद्धि राज्यको चुनौती हो कि होइन? आज हामी त्यसतर्फ कति गम्भीर छ राज्य? त्यसकारणले गम्भीर बन्नुपर्छ। यी समस्याहरू हामी मिहिन ढङ्गले सोंच्दैनौं। यसलाई समाधान गर्दैनौं भने ठुला कुरा गरेर मात्र हुँदैन। ठुला कुरा गरेर आज हामीले जति घण्टौं भाषण गरेर ठुलो राम्रा राम्रा कुरा गरेर यो समाज परिवर्तन गर्ने अवस्थामा छैन। त्यसकारणले म विनम्रताका साथ सरकारलाई ध्यान केन्द्रित गर्न चाहन्छु। र अर्को कुरा आजभन्दा सात महिना अगाडि सौर्य विमान दुर्घटना भयो। १९ जना यात्रीहरू त्यहाँ उनीहरुले आफ्नो जीवन गुमाउनु पऱ्यो। र उहाँहरूलाई पहिलो कुरा त राज्यले क्षतिपूर्ति दिनुपऱ्यो। अहिलेसम्म पनि कतिले पाएका छैनन्।

त्यस मध्ये पनि प्रकाश खतिवडा र उषा पोखरेलका जुन छोरी देखि लिएर ज्वाइँ, नाती सबैभन्दा पीडा तीनै जना गुमाउनु पर्ने स्थिति छ। उहाँहरू अहिले पनि बिक्षिप्त हुनुहुन्छ। सबै परिवारका सबैका परिवारहरू। र उहाँहरुले अहिले पनि राहत पाउन सक्नुभएको छैन। र उहाँहरूले बारबार भनिरहनु भएको छ प्रतिवेदन झुट छ। र जहाज बनाउन लगिएको थियो। बनाउने जहाजमा यात्रु चढ्न पाइन्छ? उन्नाइस जना यात्रु जुन जहाजमा चढाएर लगिएको थियो। त्यसकारणले त्यो कमजोरी चाहिँ र आज उनीहरूलाई क्षतिपूर्तिका साथै नीतिगत रुपमा यस्ता कुराहरू सुधार गर्नुपऱ्यो म राज्यको ध्यान केन्द्रित गर्न चाहन्छु। र संस्कृति तथा पर्यटन मन्त्रीज्यूको पनि ध्यानाकर्षण गर्न चाहन्छु। र यो साथसाथै हवाई दुर्घटना जाँच नियमावली, २०७१ को नियम २३ बमोजिम घटनाको पुनः जाँच गर्न सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। र अघि पूर्वमाननीय पूर्ववक्ता माननीयज्यूहरुले भन्नुभए जस्तै यति बेला फेरि पनि प्रतिगामी तत्वहरू कुर्लिदै छन्। व्युझिँदै छन्। र आज संविधानको उल्लङ्घन गर्न खोजिरहेछन्। हाम्रो ६७/६८ वर्षसम्म लडेका हाम्रा प्राप्ति गरेका अधिकारहरू फेरि पनि खोस्न चाहँदै छन्। आज सङ्घीय लोकतन्त्र माथि धावा बोलिरहेको छ। आज हामीले संविधानबाट प्राप्ति गरेका हाम्रा अधिकारहरू दिन दिनै कमजोर बन्दै गइरहेको छ। आज फेरि पनि हामीले परास्त गरेको नेपाली जनताको निम्ति अफाप सित छ भनेर हामीले मसान घाटमा पुऱ्याएको राजतन्त्र उर्ली रहेको छ। त्यसकारणले यो खतरा र राजनीतिक अस्थिरता पैदा भइरहेको छ। हरेक ठाउँमा अनावश्यक नाराहरू गुन्जिरहेको छ। त्यसकारणले यसमा हामी सबै सजग बन्नुपर्छ भन्न म चाहन्छु। र सबैको ध्यान यसमा केन्द्रित होस् र हाम्रा प्राप्ति गरेका अधिकारहरू नगुमाउनको निम्ति सजग

बनौं र यसलाई संविधानलाई कार्यान्वयन तर्फ अझै अगाडि बढाउँ भन्दै म आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१४:०८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य मोहम्मद खालिद। समय ५ मिनेट। यसपछि माननीय सदस्य शेखर कुमार सिंह।

(१४:०९ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, लामो सङ्घर्ष, बलिदान, ऐतिहासिक मधेश जनविद्रोह, ऐतिहासिक जनआन्दोलन र जनयुद्ध, विभिन्न जातजाति र समुदायको आन्दोलन पश्चात धेरै कष्ट गरेर हामी सबैले सङ्घीय लोकतान्त्रिक गणतन्त्र पाएका छौं। त्यसका विरुद्ध जुन सडकमा कुराहरू आइरहेको छ। म के निवेदन गर्न चाहन्छु भने यस सम्बन्धमा सरकारले आफ्नो दायित्व निर्वाह गरोस् एक। दोस्रो राजनीतिक दलहरूले आफ्नो Position Clear गरोस् उहाँहरू के चाहनुहुन्छ। "साम्ने आते भि नहीँ साफ छुप्ते भि नहीँ" वाला परिस्थिति जनताले राम्ररी नियालिरहेको छ, हेरिरहेको छ। तेस्रो यो भन्नेहरू सङ्घीय लोकतान्त्रिक गणतन्त्र चाहँदैन भने के चाहिन्छ त? प्रतिगमन चाहियो? यसको सट्टा यो भन्न सक्नुपर्ने कि यो राष्ट्र, यो देशलाई म बनाउँछु म क्षमता राख्छु। यदी हेक्का छ हिम्मत छ र साहस छ भने उनीहरूले यो भनोस् "वतन कि सरजमीसे इश्क और उर्फत् हम् भी रख्तेहैं। खटक्ती रहें दिल मैं वो हसरत हम् भी रख्ते हैं। जरुरत हो तो मरमिट्ने कि हिम्मत हम भी रख्तेहैं। ए जुररत ए सुजाअत ए मोहव्वत हम् भी रख्तेहैं। जमाने को हिलादेनेके दावे बाँध्नेवालो जमानेको हिलादेने कि ताकत हम् भी रख्ते हैं"। सम्माननीय अध्यक्षज्यू, विगतका सरकार र अहिलेका सरकारको केही विफलताको फलस्वरुप कसैले गणतन्त्रको सट्टा लोकतन्त्रको सट्टा अरू कुरा निम्त्याउँछ भने सरकारले ध्यान पुऱ्याउनै पर्छ भन्ने मेरो आग्रह छ। सम्माननीय अध्यक्षज्यू, मेरो केही गुनासो, जिज्ञासा भौतिक पूर्वाधार सम्बन्धी छ। कमला कञ्चनपुर सडक निर्माण कार्य दुई पटक म्याद थपियो तर पचास प्रतिशत पनि कार्य हुन सकेको छैन। कारण के त? कति दिक्कत र सास्ति भोग्नु परेको छ? संसद भवन निर्माण नयाँ संसद भवन निर्माणको म्याद चार पटक थपेको छ। हालसम्म पूरा भएको छैन। यस्तै सडक डिभिजन कार्यालय, लहानले २३ असार २०७९ मा शाह इन्जिनियरिङ्ग कन्सट्रक्सन प्राइभेट लिमिटेडलाई पच्चिस करोड एकहत्तर लाख छ्यालिस हजार रुपैयाँमा दुई वर्षको म्याद सम्झौता गरेको २०८१ असारमा कार्य सम्पन्न हुनु पर्थ्यो। अहिलेसम्म मात्र १५% कार्य सम्पन्न भएको छ। र एक वर्ष म्याद थपे पनि चार महिना मात्र बाँकी छ। कार्य प्रगति भएको छैन।

भन्दाखेरी हाम्रो मन्त्रालय हाम्रो सिस्टमको यो ठेकेदारहरूसँगको मित्रता र घनिष्ठताको कारण के छ त? अर्को मैले धेरै चोटि धनुषा-सिराहालाई जोड्ने कमला पुलको बारेमा कुरा उठाएँ। लिखित प्रश्न पनि गरें। त्यसबारेमा मन्त्रालयले के गर्दैछ? विभागले के गर्दै छ? मन्त्रीज्यूले यहाँ उभिँदा जवाफ दिँदा यस प्रश्नको उत्तर गोल गर्नुभो। जवाफै दिनुभएन। म फेरि विनम्र अनुरोध गर्न चाहन्छु कि सरकारले यस विषयमा के गरिरहेको छ। के सोचिरहेको छ नयाँ बजेट पनि आइराखेको छ। यो Insurance आदिको बहानाले गर्दा दुई जिल्लाका दश लाख जनतालाई हैरानी पार्ने कार्य नहोस् भन्ने म आग्रह गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, यसैका साथ सडक डिभिजन कार्यालय सरी यसैका साथ वि.पी. राजमार्ग पुनर्निर्माणको लागि अर्थले जुन सहमति दिएको छ साढे आठ अर्ब। दुई वर्षमा सकिने गरी कार्यको लागि सहमति दिएको छ। त्यसप्रति म आभार पनि व्यक्त गर्न चाहन्छु। धन्यवाद।

(१४:१४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य शेखर कुमार सिंह। समय ५ मिनेट। यसपछि माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१४:१४ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)</u>:- सम्माननीय अध्यक्ष महोदय, अगाडीका सदनहरूमा पनि यो विषयको उठान गर्दै आएको छु। सप्तरीमा सप्तरीका पूर्वी भेगका किसानहरू यो वन्यजन्तु आरक्षको नाउँमा त्यहाँ लोकल गाइ भैंसीहरुबाट पनि धेरै आतङ्कित हुनुपर्ने अवस्था छ। त्यहाँको यस्तो महङ्गो बाली गहुँ बाली कुनै रात यस्तो छैन जुन रात चाहिँ पन्ध्र विगाघा, बिस विगाघा, पच्चिस विगाघा बाली नास हुँदै छ। किसानले आफ्नो खेतसम्म गएर त्यसलाई गोठालो बस्न पनि पाइदैन किनकी त्यहाँ जङ्गली जनावरहरुको पनि आतङ्क हुन्छ त्यो क्षेत्रमा। सप्तकोसी नगरपालिका लगायत यो कंकाल्नीमाई नगरपालिका लगायत जति छ कोसी क्षेत्रमा त्यो प्रति वर्ष खेप्दै आएको सास्ती भइसक्यो। म सम्माननीय अध्यक्षज्यू मार्फत र हाम्रा मन्त्रीपरिषद्का दुई जना वरिष्ठ मन्त्रीज्यूहरू पनि यहीं हुनुहुन्छ। उहाँहरूको मार्फत वन मन्त्रालयमा कम्तीमा त्यो भेगमा हाईप्वाइन्ट निर्माण गरिदिदाँखेरी किसानहरू आफ्नो बाली पनि सुरक्षा गर्न सक्थ्यो। र जनताका बाली पनि सुरक्षित रहन्थ्यो। आज यस्तो हाहाकारको बेलामा धानको बाली त यस्तै भो सम्माननीयज्यू। अब गहुँ पनि नाश भएर जाँदा खेरी हामी कहाँबाट चावल त ल्याएरै खाइराख्याछौं। गहुँ पनि ल्याएरै खाने हो कि? अवस्था त्यस्ता सृजना नहोस्। सक्दो चाँडोभन्दा चाँडो यसको उपाय होस्। किन कुनै दिन यस्ता छैनन् कि त्यो क्षेत्रका किसानहरू हामीले फोन गरी गरी राख्याछन् तिनी विचाराहरू

आफ्नो दायित्व पूरा गरिराख्या छन्। र हामी पनि रोस्टममा आएर बोलिराखेका छौं। सरकारले ध्यान अवश्य नै दिन्छ। म विश्वास पनि लियाछु। सम्माननीयज्यू, स्वास्थ्यसँग जोडिएका मेरा एउटा सानो ..बुझिएन... छ। हाम्रो जिल्लामा पनि गजेन्द्रनारायण सिंह अस्पताल छ। त्यसमा नियमित बजेट पनि जान्छ। र विकास समितिका पनि त्यहाँ ठुलो रकम असुल हुन्छ। नियमित बजेट खर्च नभएर थन्किन्छ। यो विकास समितिका रकम प्रति वर्ष हिसाब किताबको मिलान हुँदैछ। म स्वास्थ्य मन्त्रालयलाई विनम्र आग्रह गर्न चाहिराख्याछु यसमा जति छिटो हुन्छ छिटो एउटा विशेषज्ञको टोली पठाई प्रति वर्ष जनताबाट उठेका रकमका कस्तो सदुपयोग भइराख्या छ। त्यसको आँकलन गरिदिनुभो भने त आउने दिनहरूमा सबै वर्गहरू सचेत भएर लाग्थे। र यसमा सरकारको ध्यान जानुपर्ने मैले देखें। पक्कैपनि हामी विश्वास राख्याछौं स्वास्थ्य मन्त्रालयले पनि गम्भीरतापूर्वक यसमा ध्यान दिनुहुनेछ। र सम्माननीयज्यू, मैले अगाडिको सदनमा पनि बोल्याथें। त्यो मेरै गाउँको घटना हो। एकजना सङ्घीय मामिला मन्त्रीज्यूले तपाईं लेखेर दिनुभएको छ। त्यो एकदमै माननीयज्यू अप्ठ्यारै अवस्थाको त्यो पुल हो। म गर्दिन्छु भनेर एक करोड रुपैयाँ सुनिश्चितता गरिदिनुभयो। त्यो पुलको नाउँमा आजभोलि डी.पी.आर को चलन छ। सुन्नमा आ'छ पैंतिस लाखको डी.पी.आर. पनि बन्यो। तर आजसम्म तीन वर्ष भइसक्या छ। पुलको कुनै टेन्डर भा छैन। त्यो तिलाठीकोइलारी वार्ड नं. ४ स्थित जित्ता पुल हो। जो कि पहिला सङ्घीय मामिला मन्त्रीले हेर्नुहुन्थ्यो। अहिले यो अहिले सहरी विभाग मन्त्रालयमा गा'छ। यसको पनि मैले सम्माननीय अध्यक्षज्यू मार्फत यथाशीघ्र रूलिङ् भएर यो रकम कहाँ हराएको छ? कहाँ गएको छ? डी.पी.आर. मै सीमित हुने हो कि? पुल पनि बन्ने हो? ध्यान जाओस् यति भन्दै म आफ्नो दुईशब्द यहीं अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१४:१५ बजे) <u>पीठासीन</u>:- माननीय उपाध्यक्ष विमला घिमिरे।

(१४:१९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा। समय ५ मिनेट। त्यस पछाडि माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(२:२० बजे) <u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:- सम्माननीय अध्यक्षज्यू, आज देशमा राजा फर्काउने भन्ने कुरा अत्यन्तै चर्को रूपमा चाहिँ सडकमा सुनिन थालेको छ। र केही मानिसहरूले राजालाई डोऱ्याएर नारायणहिटी प्रवेश गराउने भनेर सडकमा कुर्लिंदै हिँडेको पनि हामीले सुनिराछौं। र कैयौं समय पहिले वर्षौं भइसक्यो संसारबाट त

राजतन्त्रको अन्त्य त उहिले भइसक्याथ्यो। तर नेपालमा केही दशक अगाडि चाहिँनी अन्त्य भएर यो सकिइसकेको राजतन्त्र फेरि जिउँदो गराएर फर्काउने प्रयासमा केही समूह लागेको छ। त यसरी नेपाली जनताको रगत र पसिना बगाएर उनीहरुको बलिदानले ल्याएको यो बहुदलीय व्यवस्था यो संघीय लोकतान्त्रिक व्यवस्थामाथि आज धावा बोल्ने काम भइरहेको छ। र यो निश्चित रूपमा गणतन्त्रको विकल्प राजतन्त्र कहिल्यै पनि हुन सक्दैन र कुनै हालतमा हुन सक्दैन। तर पनि केही मान्छेहरू यसको पछाडि लागिरहेका छन्। यो किन भइरह्यो? यो वातावरण यस्तो किन भयो त भन्दा स्वयं आज हामी सत्तामा बसेका पार्टीहरूले देश र जनताको आवाजलाई हामीले सुन्न सकेनौं। उनीहरुको अभाव, उनीहरूको गरिबी, देशको महङ्गाइ, यहाँको वेथिति त्यसलाई हामीले राम्रोसँग चाहिने डेलिभरी गर्न सकेनौं। त्यसलाई राम्रोसँग हामीले सम्बोधन गर्न सकेनौं। त्यसकारणले यस खालका तत्वहरुले बेलाबेलामा टाउको उठाउने काम गरिरहेका छन्। त्यसैले यसको निम्ति सरकारलाई म सचेत हुन आग्रह गर्छु र नेपाली जनताको दैनिक जीवनलाई सहज बनाउनको लागि महङ्गी भ्रष्टाचार नियन्त्रण गर्नको लागि र देशमा सुशासन कायम गर्ने कुरामा सरकार अझै पनि चुकेको छ र उसले अझै पनि काम गर्न सकेको छैन। त्यसैले यस खालको परिस्थितिलाई त्यतिबेला हामीले चाहिँनी समाधान गर्न सक्छौं जब जनताको वास्तविक आवश्यकता र चाहनालाई पूरा गर्न सक्छौं। तर स्थिति त्यो छैन। किन भन्दा यसको मुख्य चीज संघीयता जो हामीले देशमा लागि लागू गरेका छौं। यो संघीयता नै के छ त भन्दाखेरि धेरै खर्चिलो छ महँगो छ। आज सातवटा प्रदेशमा हामीले सरकार पाल्न परिरहेको छ। कृपया म फेरि पनि यहाँ दोहोऱ्याएर भन्न चाहन्छु संघीयताको हामीले खारेजी गरौं। प्रदेशलाई हटाउँ हामीले र केन्द्रको शासन स्थानीय चाहिँ नि उसमा लैजाउँ। स्थानीय निकायलाई हामीले सफल बनाउ र यो प्रदेशको खर्चले हामीले शिक्षा र स्वास्थ्यलाई निःशुल्क बनाउँ। जनताका  दैनिक जीवनका समस्याहरूलाई सहज बनाउँ यो मैले पुनः दोहोऱ्याएर अनुरोध गरे किन भन्दाखेरि यो संघीयता हाम्रो नेपाली जनताको आवश्यकता र नेपाली जनआन्दोलनको कुनै माग आएको चिज होइन। यो कसैले हामीलाई बोकाएको भारी हो। यो भारी हामीले जबसम्म बिसाउन सक्दैनौं। यो देशले प्रगति उन्नति गर्न सक्दैन। अर्को कुरा शिक्षकहरू शिक्षकहरूले आज माइतीघर मण्डलामा धर्ना दिइरहेका छन्। सरकारले पटक पटक शिक्षकहरूसँग सम्झौता गऱ्यो तर सम्झौतालाई कार्यान्वयन गर्ने कुरामा उसले आफ्नो जिम्मेवारी निभाउन सकेन। उत्तरदायित्व बहन गर्न सकेन। पुनः फेरि शिक्षकहरू सडकमा आइपुगेका छन्। यो कति बेला सम्म हामीले शिक्षकहरुलाई सडकमा जम्मा गर्ने? उनीहरूलाई सडक तताउन बाध्य कतिबेला सम्म बनाउने म यो सरकारलाई प्रश्न गर्न चाहन्छु। देशको शैक्षिक क्षेत्र सम्पूर्ण जनतालाई शिक्षित बनाउने। अध्यारोबाट उज्यालो तिर लैजाने। देशको प्रगति उन्नतिको

निम्ति यो देशको एउटा कर्णधारहरू, नयाँ पिंढीहरु वैज्ञानिक, इन्जिनियर, डाक्टर, पाइलटहरू सृजना गर्ने शिक्षकहरूलाई हामीले आज चाहिने सडकमा भेला भएर ..... (समय सकिएको)

(१४:२५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य श्रीकृष्णप्रसाद अधिकारी। समय ८ मिनेट। त्यसपछाडि माननीय सदस्य दुर्गा गुरुङ।

(१४:२६ बजे) **माननीय श्रीकृष्णप्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, ११५औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, म मुलुकमा यतिखेर जनताको बीचमा व्यतित भइ रहेका समस्याहरूको बारेमा आफ्नो धारणा राख्न चाहन्छु। मुलुकमा १८ घण्टा लोडसेडिङ थियो। प्राधिकरण ऋणमा चुर्लुम्म डुबेको थियो। पूर्व प्रधानमन्त्री माननीय पुष्पकमल दाहाल “प्रचण्ड” ले दोस्रो पटक सरकारको नेतृत्व सम्हाल्न आइपुग्नुभएपछि प्राधिकरणको सी.ई.ओ. मा कुलमान घिसिङलाई नियुक्ति गरियो। कुलमान प्राधिकरणमा आएपछि विगत ८ वर्ष यता मुलुकले लोडसेडिङको त्यो कहाली लाग्दो अन्धकारको दिनहरू कहिल्यै देख्न र भोग्न परेन। ३४ अर्ब ६१ करोड घाटामा रहेको प्राधिकरण सबै घाटा चुक्ता गरेर ४७ अर्ब ४१ करोड सञ्चित नाफा कमाएर देशकै सबैभन्दा बढी नाफा कमाउने संस्थान बन्न पुगेको छ। वर्तमान सरकार गठन भएको दिनबाट प्राधिकरणका सी.ई.ओ. कुलमान घिसिङलाई दोषी करार गर्न बाहुबलीको शैलीमा सरकार पाखुरा सुर्केर लाग्दै आउनुको तात्पर्य नियत त यो सरकार कमिसनको चक्करमा बिचौलीयाहरूको स्वार्थ अनुरुप उद्योगीले तिर्न नचाहेका सबा आठ अर्ब बक्यौता, ९६० मेगावाटको सोलार टेन टेन्डर बिचौलियालाई दिने योजना, प्राधिकरणको सरुवा बढुवामा चलखेल गर्न नपाउँदाको औडाहा र स्वार्थ समूहको चासो अनुसार पिपिए गर्ने योजना देशभित्र बिजुली खपत गर्ने बजार ठुला आयोजनामा आफ्नालाई ठेक्का दिलाउने योजनामा कुलमान घिसिङ बाधक भएरै खडा भएकै कारण कुलमानलाई हटाउन हात धोएर सरकार लागेको छ भन्ने प्रश्न आज लाखौं नागरिकको तहबाट उठिरहेको सन्दर्भमा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउनै पर्नेको तात्पर्यता के हो म सरकारसँग प्रश्न गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, यो कार्तिक २५ गते मन्त्रीपरिषद्को निर्णयबाट डेडिकेटेड फीडर तथा ट्रङ्क लाइनबाट विद्युत प्रयोग गर्ने ग्राहकहरुले खपत गरेको विद्युतको बक्यौता रकम टी.ओ.डी. मिटरसमेतको आधारमा महसुल निर्धारण तथा असुली सम्बन्धी विषयमा मन्त्रालय मार्फत दिएको निर्देशनको कार्यान्वयन नगरी अबज्ञा गरेकोले तपाईंलाई पदबाट किन नहटाउने

भन्दै उनलाई कार्यसम्पादनको जिरो नम्बर दिएर स्पष्टिकरण सोध्ने सरकारसँग मेरो अर्को प्रश्न छ। जब प्राधिकरणले उद्योगीसँग टी.ओ.डी. मिटर अनुसार नै बक्यौता उठाउन पटक पटक पहल गर्दा अवरोध गर्दै उठाउन नदिने अहिले आएर उल्टै बक्यौता नउठाएको भनी स्पष्टिकरणको विषय बनाउनको औचित्यता कसरी पुष्टि हुन्छ? र भारतमा गएर द्विपक्षीय विद्युत विनियम समितिको बैठकबाट तय भएको सहमतिमा हस्ताक्षर गरे गरेर गम्भीर अपराध गरेको जस्तो गरी निँहु झिकेर कुलमानलाई पदबाट हटाउने दुस्साहस गरिँदैछ। म सरकारलाई खबरदारी भन्न चाहन्छु पदबाट हटाउने यदि सरकारले मूर्खता गर्‍यो भने यसको मूल्य धेरै महँगो पर्ने वाला छ। सम्माननीय अध्यक्ष महोदय, शिक्षकहरू विद्यालय शिक्षा ऐनको लागि अहिले सडकमा आन्दोलनमा छन्। शिक्षकहरूसँग पटकपटक सम्झौता भएका मागहरू जनयुद्ध जनआन्दोलन, मधेस आन्दोलन लगायतका तात्कालिन विस्थापित भएका शिक्षकहरूको राहत पुनर्वहाली, तलब सुविधा लगायतमा लगायत भइरहेको श्रम शोषणतर्फ सरकारको कुनै जवाफ र चासो छैन। मिटर ब्याज पिडितहरुको समस्या, लघु वित्त किसानहरूको समस्या, झाङ्गिँदै गइराखेको छ। सहकारी पीडितहरु आन्दोलनमा छन्। सहकारी छानबिन प्रक्रियामा आफ्नालाई काखा र अर्कालाई पाखा गर्ने प्रवृति अझै विद्यमान छ। स्वर्गदारी गोठीका १६०० घर नुवाकोट सूर्यगरीका भैरबी गुठीका ७५० घर दुप्चेश्वर घ्यांग फेदी, गोसाइकुण्ड गुठीका ८०० घर, दुप्चेश्वर गाउँपालिका वडा नं ७ का ६०० घर लगायत देशभरि मोही किसानका समस्या जीवित छन्। स्वर्गद्वारी गुठीका मोही किसानहरू अहिले माइतीघरमा धर्नामा छन्। जमिनमाथिको द्वैध स्वामित्वको अन्त्य मोही पुर्जाको हक सुनिश्चित। गुठी ऐन जारी धर्मको नाममा भइरहेको शोषण गुठी जग्गा रैकर गरी किसानलाई जग्गा धनी प्रमाणपूर्जा दिनुपर्ने जोताहाका नाममा दर्ता हुन बाँकी जग्गाको श्रेस्ता कायम गरी रैकर उपलब्ध गराउनुपर्ने माग प्रति सरकारले चासो दिएको छैन। भूमिहीन सुकुम्बासी अव्यवस्थित बसोबासीहरूको जमिनमाथिको हक खुम्चिने चेष्टा गरिँदैछ। ऐतिहासिक किराँत भाषा सभ्यता मुकुमलुम जोगाउनुपर्छ भन्ने निहत्था जनताको आवाज दबाउन सरकार दमनको भाषा बोलिरहेको छ। रिङ्कु कुमारी सदाको बलात्कार गर्ने हत्यारा समातिएको छैन। दलित र गैर दलित बीचको प्रेम विवाह गरेका नेहा र सत्येन्द्र जोडीलाई प्रहरी लगाएर लखेट्नुको आनन्दित ठान्ने उच्च जातिय अहंकारवादी शासकीय सोंचका कारण संविधानतः छुवाछुत भेदभाव विरुद्धको मौलिक हक अधिकार कुण्ठित पारिँदैछ। ललितपुर, काभ्रे, सिन्धुली, रामेछाप सिन्धुपाल्चोक लगायतका बाढी पीडित र जाजरकोट, सल्यान, रुकुमका भूकम्प पीडितले अहिलेसम्म अस्थायी आवास बापतको रकम समेत पाएका छैनन्। श्रमिक मजदुरको ज्याला २.५ प्रतिशतमा सीमित छ। आफ्नो फेभरको जी.एम. राखेर हालीमुहाली गर्ने सोंचमा अहिलेसम्म जी.एम. नियुक्ति नगर्दाखेरिमा उदयपुर सिमेन्ट कारखाना बन्द हुने अवस्थामा छ।

हेटौडा सिमेन्ट कारखाना बन्द हुने अवस्थामा छ। र यसरी बिचौलिया दलाल पुँजीपतिलाई प्रोत्साहन गरिएको छ जसको प्रत्यक्ष अझ असर बजारमा देखिएको छ। साना मझौला उद्योगी व्यापारीहरु विस्थापित हुँदै गइराखेका छन्। सिमेन्टको भाउ बढेर ४०० बाट ८०० पुगेको छ। खाद्य पद्धार्थमा मूल्य बढेर महङ्गीले आकाश छुदैछ। अर्थतन्त्र हिजो भन्दा आज डामाडोल छ। व्यापारघाटा बढेर ७२३ अर्ब पुगेको छ। मुद्रास्फिति बढेर ५.१ प्रतिशत नाघेको छ। पुँजीगत खर्च हेर्‍यो भने २५ प्रतिशत पनि पुगेको छैन। आन्तरिक र बाह्य ऋणले ढाड सेकेको छ। सम्माननीय अध्यक्ष महोदय, के यसैलाई हामीले सुशासन भन्दिनु पर्ने हो? यसैलाई हामीले सदाचार भन्दिनुपर्ने हो? यसैलाई हामीले विधिको शासन भन्दिनुपर्ने हो? जनताले यही भन्दिनु पर्ने हो? यतातर्फ अहिले प्रतिगामीहरु टाउको उठाउन जमर्को गरिराखेका छन्। सरकारलाई जनताका आवश्यकता र मुद्दाप्रति ध्यान दिँदै यो सरकारले सुमार्गको बाटो समातोस्। जनताका आजका समस्या समाधान गर्न तिर सरकार लागोस्। गणतन्त्रको विकल्प भनेको समाजवाद हो। लोकतन्त्रको विकल्प भनेको सुदृढ लोकतन्त्र हो। निरङ्कुश शासन पद्धति होइन भन्ने कुरा राख्दै मेरो भनाइ यही अन्त्य गर्छु धन्यवाद।

(१४:३४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य दुर्गा गुरुङ। समय १० मिनेट। त्यसपछाडि माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१४:३४ बजे) **माननीय श्री दुर्गा कुमारी गुरुङ्ग (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको यो गरिमामय सदनमा आज म आदिवासी जनजाति सम्बन्धी र गिरिजा प्रसाद कोइराला क्रिकेट रङ्गशालाको विषयमा केही कुरा राख्दै सम्बन्धित पक्ष सबैको ध्यानाकर्षण गराउन चाहन्छु। २०७८ सालको राष्ट्रिय जनगणना अनुसार नेपालको कूल जनसंख्या २,९१,६४,५७८ छ।आदिवासी जनजाति आयोगको प्रतिवेदन अनुसार १,०१,८८,८४० आदिवासी जनजाति नेपालमा बसोबास गर्ने १४२ जाति मध्ये ६० जातिलाई सरकारले आदिवासी जनजाति भनेर सूचीकृत गरेको छ। यो कुल जनसंख्याको ३५% हो। जुन संख्याभित्र हिमाली क्षेत्रमा १८, पहाडी क्षेत्रमा २४, भित्री मधेशमा ११ र तराई मधेशको भूगोलमा ७ वटा आदिवासी जनजातिको उल्लेख्य मात्रामा बसोबास रहेको छ। सम्माननीय अध्यक्षज्यू, नेपालमा बसोबास गर्ने ६० आदिवासी जनजातिमध्ये लोपोन्मुख १२ अति सीमान्तकृत, २० सीमान्तीकृत, १५ सुविधाबाट बञ्चित २ उन्नत समूहको रूपमा वर्गीकृत छन् आफ्नो छुट्टै भाषा, रीतिरिवाज, संस्कृति, पहिचान, सामाजिक संरचना र आफ्नो छुट्टै इतिहास भएको मानव समुदाय नै आदिवासी जनजाति हो भन्ने भनेर

आदिवासी जनजाति हो भनी परिभाषा पनि गरिने गरिन्छ। सम्माननीय अध्यक्षज्यू, नेपालको संविधानले समाज विभेद रहित समतामूलक समाज हुनेछ भनेर परिकल्पना गरेको छ। संविधानले नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसंस्कृति तथा विविधतायुक्त भौगोलिक विशेषतालाई स्वीकार गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक तथा लैङ्गिक विभेद र जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता , समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका विभिन्न अङ्ग तथा क्षेत्रमा प्रतिनिधित्व गराई समानुपातिक समाज निर्माण गर्ने संकल्प पनि गरेको छ। सम्माननीय अध्यक्षज्यू नेपालको संविधानले स्वायत्तता र स्वशासनको अधिकारलाई स्वीकार गरेको छ। आदिवासी जनजातिले खोजेको आफ्नो पहिचान, समान प्रतिनिधित्व र राज्य शक्ति माथिको समान र न्यायोचित हिस्सेदारी विना राष्ट्र निर्माणको काम राम्रोसँग हुन सक्दैन। संविधानले जुन कुरा स्वीकार गरेको छ, व्यवहारमा सोही अनुरूप लागु हुन सकेको छैन। स्वायत्तता र स्वशासनको अधिकारको प्रयोग आदिवासी जनजातिले गर्न पाएका छैनन्। पहिचानको कुरा कहीँ कतै उठ्नासाथ नै झस्किने र तर्सिने किन ? जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व पनि हुन सकेको छैन। अझ २०६४ र २०७९ को निर्वाचनलाई हेर्दा आदिवासी जनजातिको प्रतिनिधित्व घट्दै गएको देखिन्छ। राज्यका मुख्य पद र जिम्मेवारीहरूमा आदिवासी जनजातिहरूको हिस्सेदारी अपवादजस्तो मात्र देखिन्छ। सम्माननीय अध्यक्षज्यू, हामी शान्ति चाहन्छौं। हामी राष्ट्रको समृद्धि र विकास चाहन्छौं। देशभित्र बस्ने सबै नागरिक समान नबनुन्जेल र सबै प्रकारका विभेदको अन्त्य भइ सबैले आत्मसम्मानको अनुभूति नगरुन्जेल न शान्ति सम्भव छ, न त समृद्धि विकास नै। त्यसैले सबै आदिवासी जनजातिहरूलाई अधिकार र अवसर दिएर राष्ट्रिय एकता मजबुत पार्न स्थानीय शान्ति कायम गर्न र विकासको तीव्र गतिमा नेपाललाई लैजान सबैले सोच्नुपर्छ भन्ने मलाई लाग्छ। हाम्रा नीति, विधि, प्रक्रिया र कानुनमा भएका कमजोरी सच्याउँदै सबल राष्ट्र निर्माणको दिशामा अघि बढ्नमा सम्बन्धित सबै पक्षलाई सम्माननीय अध्यक्ष ज्यू नेपाल सरकारसँग जोडदार माग गर्दछु। सम्माननीय अध्यक्षज्यू, नेपाल सरकारले गुरुयोजना तयार भई निर्माण कार्य सुरु भएको धेरै समय बितिसकेपछि काठमाडौंको मुलपानी, चितवनको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला र मोरङको गिरिजा प्रसाद कोइराला क्रिकेट रंगशालालाई राष्ट्रिय गौरवको योजनामा समेटेको छ। सम्माननीय अध्यक्ष ज्यू २०५४ सालमा नै बहु उद्देश्य रंगशाला निर्माण गर्ने लक्ष्य राखेर घोषणा गरी २०५५ सालमा जग्गा अधिग्रहण गरेको मोरङको झापा बैजनाथपुरमा रहेको यो खेल मैदानको कल्पना गरिएको अहिले २६ वर्ष बितिसकेको छ। स्थानीय संरचना बनाएर सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत क्रिकेट, सुटिङ लगायतका केही खेलहरू उक्त मैदानमा खेलाइए पनि २ अर्ब ७९ करोड ७४ लाख खर्चमा निर्माण सम्पन्न गर्न सकिने आँकलन गरिएको यो रंगशाला बजेटको अभावमा चौरमा परिणत भएको छ। सम्माननीय अध्यक्षज्यू, गुरु योजना एकातिर तर काम अर्कोतिर साथै अर्बौं बजेटको आवश्यकता तर वर्षेनि केही करोड, लाख मात्र बजेट विनियोजन सरकारले गरेको देखिन्छ। सरकारले

खेलकुद क्षेत्रको विकास गर्न आवश्यकता अनुसार भौतिक संरचना निर्माणको लागि यथोचित ध्यान दिन सकेको छैन। त्यसैले खेल क्षेत्रको प्रबन्ध गर्न आवश्यक नीति, कानुन, बजेट र कार्यान्वयनको प्रक्रियामा मेल हुनुपर्ने र लक्ष्य अनुसार कामको गतिलाई तीव्रता दिनुपर्ने आवश्यकता बैजननाथपुरमा रहेको गिरिजा प्रसाद कोइराला क्रिकेट रंगशालाले देखाएको छ। सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय गौरवको आयोजनामा समावेश भएको भए पनि खेल मैदानको नाममा रहेको १५ बिगाहा ५ कठ्ठा जमिनको सदुपयोग खेल क्षेत्रले गर्न सकेको छैन। ९ हजार ४ सय ९० साधारण सिट, ३५० भीआइपी सीट, ६० भीभीआइपी सिट गरी झन्डै १० हजार सिट क्षमता भएको प्याराफिटसहित ५ हजार सिट क्षमताको एथलेटिक्स ट्र्याक फुटबल तथा रग्वी मैदान बहुउद्देश्यिय कभर्ड हल रेस्टुरेन्ट खेलाडीका लागि होस्टेल समेत बनाउने योजना भएको मोरङको विराटनगर महानगरपालिकाको १९ नं. वडामा रहेको यो रङ्गशाला साँच्चै उपेक्षामा परेको देखिन्छ। सम्माननीय अध्यक्षज्यू, नेपालको राजनीतिमा गिरिजाप्रसाद कोइराला सामान्य नाम होइन। चार चार पटक नेपाल सरकारको प्रधानमन्त्री नेपाली कांग्रेसका सभापति तथा नेपालको शान्ति प्रक्रियाका सर्वमान्य नेता स्वर्गीय गिरिजाप्रसाद कोइरालाको नाममा दिएको यो रंगशाला निर्माणको काममा अलपत्र हुँदा राष्ट्रकै बेइज्जति भएको छ र स्वर्गीय नेता गिरिजाप्रसाद कोइरालाले नेपालको प्रजातान्त्रिक आन्दोलनमा खेलेको अग्रणी भूमिकाको पनि अवमूल्यन हुन पुगेको छ। सम्माननीय अध्यक्षज्यू, यो रङ्गशाला घाँसे चौर जस्तो छ। खेलकुदका लागि आवश्यक पूर्वाधार छैन। खानेपानी, बिजुली, आवास आदिको कुरा त झन् टाढाको विषय भयो। बहुउद्देश्यिय निर्माणाधिन रङ्गशाला निर्माण गर्नुका साथै यस क्षेत्रमा भएको विद्युतीय आपूर्ति अभावलाई सहज गराउँदै खानेपानीको समस्या छिटो भन्दा छिटो आपूर्ति गर्नको लागि अध्यक्षज्यू मार्फत नेपाल सरकारसँग माग गर्दछु। ११५औं अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु। हस त धन्यवाद। जय नेपाल।

(१४:४३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य सुरेश कुमार आले मगर। समय ८ मिनेट त्यसपछाडि माननीय सदस्य इन्दिरा देवी गौतम।

(१४:४४ बजे) **माननीय श्री सुरेश कुमार आले मगर(नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, यो सुखद हो कि दुःखद हो। ठिक हो कि बेठिक हो। कसैलाई मिठो लाग्छ कि लाग्दैन, थाहा छैन। तर मलाई भने कुलमान घिसिङको भूतले छोडेको छैन र म पनि आज पनि कुलमान घिसिङको कुरा उठाउन गइरहेको छु। तर यो कुरा उठाउनु भन्दा अगाडि गत केही दिन अगाडि फर्कन चाहन्छु सम्माननीय अध्यक्ष महोदय। गत २२ गते मैले कुलमान घिसिङको कुरा उठाउँदा विषयान्तर भयो भनेर केही कुरा उठेको थियो तर यो सन्दर्भमा मलाई आज के लाग्छ भन्दाखेरि त्यसरी

मलाई वार्जित गर्न हुन्थेन। किनभने यो नियमावली राष्ट्रिय सभा नियमावलीको दफा २० को (ञ) ले के भन्छ कुनै सदस्यले बोलिरहेको समयमा बाधा पुग्ने वा बैठकको मर्यादा भङ्ग हुने अवस्था उत्पन्न हुने कुनै काम गर्न नहुने भन्ने स्पष्ट व्यवस्था छ। र यहाँ उभिएर सदस्यले आफ्नो कुरा राख्न सक्छ विषय मिल्ने नमिल्ने कुरा त्यो बेग्लै होला। र यसमा निश्चित रूपमा यदि कुरा मिल्दैन भने बोलेको कुराले चाहिँ केही अप्ठ्यारो परेको छ भने नियम विपरित छ भने माननीय सदस्यले नियमापत्ति गरेर राख्न सक्नुहुन्छ। त्यसको निश्चित रुपमा व्यवस्था छ दफा २६ नियमापत्ति। तर त्यसको लागि पनि सम्माननीय अध्यक्षज्यूबाट चाहिँ रुलिङ हुनुपर्ने चाहिँ हुन्छ। माननीय सदस्यले बोलेको कुरा कुन नियम अन्तर्गत पर्दछ, त्यो नियमानुसार हो के होइन। सम्माननीय अध्यक्षज्यूले रुलिङ गरेपछि मात्रै त्यस्तो हुन्छ तर त्यस्तो भएन। जे होस् जे भयो भयो बितिहाल्यो Let bygone be bygone. यो चाहिँ एउटा नजिरको रुपमा नबसोस् भनेर म यो गरिमामय सदनमा आग्रह गर्न चाहन्छु। राख्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, कुलमान घिसिङको बारेमा धेरै कुरा उठिसके। अघि भर्खर पनि केही उपरोक्त माननीयज्युहरुले भनिसक्नुभयो। म केही कुरा थप त्यसमा के गर्न चाहन्छु भन्दा खेरि कुलमान घिसिङले के त्यस्तो अपराध गरेका छन् र उनलाई यसरी लखेट्नु पर्‍यो। सरकारले उसको पछि लागि लागिकन कैयौ पटक स्पष्टीकरण सोधेर मन्त्रीज्यूले त्यहीँ त्यो विद्युत प्राधिकरणलाई आफ्नो अफिस बनाइ बनाइकन ह्यारेस किन गर्नुपर्‍यो। कुलमान घिसिङ त त्यस्तो मान्छे हो जसले यो देशमा १८ घण्टा लोडसेडिङ भइरहेको अवस्थामा लोडसेडिङलाई हटाउनुभयो। नेपाली जनताले १८ घण्टा लोडसेडिङ खेपिरहेका थिए, उहाँले त्यो हटाइदिनुभयो। यस्तो मान्छेलाई झन् कारवाही गर्ने, लखेट्ने? फेरी कसले भन्दाखेरि जसले नेपाल स्काउटको थोरै जग्गा भाडामा लिएर धेरै उपभोग गरेको छ। र जसले नेपाल स्काउटलाई करोडौं करोडौं भाडा बुझाउन बाँकी छ त्यस्तो मान्छेले। हिन्दीमा एउटा उखान छ-"उल्टा चोर कोतवालको डाँटे"। सम्माननीय अध्यक्ष महोदय यो अघि पूर्ववक्ता माननीयज्यूले भन्नुभएजस्तै ९६० मेगावाट बिजुली आफ्नो मान्छेलाई दिने कुरामा बाधक बन्नुभयो कुलमानजी। त्यसैगरी ३००० मेगावाट बिजुली निजी क्षेत्रका प्रवर्धकसँग पीपीए गर्ने कुरामा पनि बाधक बन्नुभयो। त्यसैले हटाउन खोजियो। यसरी बलजफ्ती उहाँलाई हटाइन्छ भने नेपाली जनता अग्रगमन चाहने नेपाली जनता विद्युत घाटामा गएको विद्युत प्राधिकरणलाई फाइदामा पुर्‍याउने व्यक्तिका पक्षमा निश्चित रुपमा सडकमा उत्रिन्छन्। त्यसैले यो कुलमान यो घिसिङमाथि कारवाही गर्नु अगाडि यो सरकारले ठन्डा दिमागले सोचोस् भन्ने कुरा म राख्न चाहन्छु। त्यसैगरी सम्माननीय अध्यक्ष महोदय, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसकै सेरोफेरोमा एउटी महिला अवसरबाट बञ्चित हुनुपरेको छ। उहाँ भिक्टिमाइज हुनुपरेको छ। संगीता कौशल मिश्र। डाक्टर संगिता कौशल मिश्र अस्ति भर्खरै स्वास्थ्य मन्त्रालयको सचिव पदमा पदोन्नति हुनबाट बञ्चित हुनुभयो। ठिक छ उहाँको सट्टामा भएको विकास देवकोटा योग्य नै हुनुहोला। हाम्रो आपत्ति छैन तर हामी सोध्न चाहन्छौं। संगिता कौशल

मिश्राको अयोग्यता के? सबभन्दा सिनियर सहसचिव भएर पनि किन उहाँ पदोन्नतिबाट बञ्चित हुनुभयो? सिफारिस समितिले १ नम्बरमा सिफारिस गरेता पनि उहाँलाई किन दिइएन? के महिला हुनु उहाँको अयोग्यता हो? के मधेसी हुनु उहाँको अयोग्यता हो? हामी सोध्न चाहन्छौ सम्माननीय अध्यक्ष महोदय। यो राज्य सत्ता, यतिबेलाको राज्यसत्ता पहाडी अहंकारवादी राज्यसत्ता छ। त्यसकारणले गर्दा खेरि पनि संगीता कौशल मिश्रा यो अवसरबाट बञ्चित हुनुभयो हुनुभयो, यो निन्दनीय छ। म त्यसको विरोध गर्न चाहन्छु। यसको अर्थ विकास देवकोटाजीको पदोन्नतिमा मेरो आपत्ति छैन। तर मेरो आपत्ति छ संगीता कौशल मिश्रा किन हुनुभएन? किन उहाँ बञ्चित हुनुभयो? सम्माननीय अध्यक्ष महोदय, यतिबेला केही प्रतिगामी तत्वहरू फेरि पनि सल्बलाई रहेका छन्। २५० वर्ष पुरानो राजतन्त्रलाई हामीले आर्यघाटमा सेलाईसकेका थियौं तर त्यसका भूतहरू फेरी बौरिएर आएका छन् र राजतन्त्रको कुरा गर्दैछन्। राजतन्त्रको बारेमा धेरै कुरा भन्न जरुरी छैन। के कुरा मात्र म भन्न चाहन्छु भने राजतन्त्र यो देशमा त थियो जसले राजतन्त्रलाई फेरि पुनःस्थापना गर्न चाहन्छन्। यो देशमा राजतन्त्र फर्काउन चाहन्छन् ती मान्छेहरूलाई म के सोधन चाहन्छु भने फर्केर हुन्छ के त? नेपालमा गणतन्त्र आएको त १५/१६ वर्ष नै भयो। त्यो भन्दा अगाडि झण्डै २४०/२५० वर्ष त यो देशमा राजतन्त्र नै थियो। के भएको थियो नेपाल त्यतिबेला? झन् ओरालो, झन् ओरालो लाग्दै गएको थियो। त्यही राजतन्त्र ल्याएर के गर्न खोज्नुभएको उहाँहरुले? राजतन्त्र नेपाली जनताले झेलिसकेको हो। व्यवस्था हो त्यहो राजतन्त्र ल्याएर हुन्छ के? उहाँहरुले गर्ने के? हो निश्चित रूपमा गणतन्त्रमा पनि कमी कमजोरी होलान् तर अघि पूर्ववक्ता माननीयहरुले भन्नु भए जस्तै गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन। गणतन्त्रमा कमी कमजोरी छन् भने त्यसलाई सच्याउँदै जाउँला तर यसको सट्टामा नेपाली जनताले २५० वर्षदेखि भोगिरहेको राजतन्त्र ल्याएर नेपालले विकास गर्ला, समृद्धि आउला? Impossible, सम्माननीय अध्यक्ष महोदय, यहीँनेर एकातिर राजतन्त्रका भूतहरु सल्बलाउने अर्कोतिर यो देशको राज्यसत्ताको बागडोर कसको हातमा छ त भन्दा खेरि जसलाई राजतन्त्र ल्याउने कुरामा शुरुमा हिच्किचाहट थियो, भय थियो। कहिले Baby Monarchy, कहिले Ceremonial Monarchy भनेर भन्नुभएको थियो भने अर्कोतिर जसले राजतन्त्र नष्ट गरेर यो देशमा गणतन्त्र ल्याउनुपर्छ भन्दा खेरि खिसीट्युरी गर्दै भन्थे – बयलगाडा चढेर अमेरिका जाने? यस्ता यस्ता व्यक्तिहरु राज्यसत्तामा भएका बेलामा राज्य सत्ताको बागडोर यस्तो भएको बेलामा यो फगत एउटा संयोग हो कि यस्तो यस्तो व्यक्तिहरुबाट ती मान्छेहरु राजतन्त्रका भूतहरु प्रोत्साहित भइरहेका छन्, प्रेरित भइरहेका छन् मलाई थाहा छैन। र संघीयताको बारेमा पनि यस्तै कुराहरु छन्। तर समय घर्किसकेको हुनाले मैले यो बारेमा राखिनँ। धन्यवाद।

(१४:५२ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य इन्दिरा देवी गौतम। समय १५ मिनेट।

(१४:५२ बजे) **<u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, ११५औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको ढिलै भएपनि शुभकामना भन्न चाहन्छु। शुभकामना दिन चाहन्छु। सम्माननीय अध्यक्ष महोदय अहिले संघीय संसदको १७औं अधिवेशनका बैठकहरू बसिरहेका छन्। यस संसदभित्र हुने हरेक छलफल, निर्णयहरुले राष्ट्रिय राजनीतिमा अत्यन्त महत्व राख्दछ। आम जनताको जीवनस्तरसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुहरू माथिको छलफल र निर्णयहरूलाई जनताले निकै आशा र भरोसा लिएर सुन्न र हेर्न लालायित हुन्छन्। यसर्थ हाम्रा प्रत्येक बैठकका छलफल सत्य तथ्यमा आधारित विषयवस्तुलाई गहिराईमा बुझेर जनतामा अनावश्यक भ्रम सृजना हुन नदिने राष्ट्र सम्मान र राष्ट्रियतामा आँच नआउने गरी जनतामा निराशाको बिजारोपण नहुने गरि गरिनुपर्दछ। हामी आरोप र प्रत्यारोपमा अल्झिरहँदा "समृद्ध नेपाल सुखी नेपाली"को राष्ट्रिय आकांक्षा पूरा गर्ने हाम्रो उद्देश्य ओझेलमा पर्न सक्छ। अनगिन्ती अप्ठ्यारा विभिन्न समस्या भोगिरहेका आम जनतामा क्षणिक लाभका लागि फैलाइएका झुटा र भ्रामक समाचारले नैराश्यता मात्र जगाउँछ। यसले कसैलाई पनि दीर्घकालिन फाइदा पुऱ्याउँदैन। यसतर्फ सबै सचेत बनौं। अहिले नेपाली समाज संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। संक्रमणकालमा हामीले अपेक्षा धेरै गरेका हुन्छौं। त्यस अनुसारको उपलब्धि नपाउँदा केही पनि भएन भन्ने भाष्य स्थापित हुँदै गएको छ। हामीले सोचे जति र चाहे जति सबै क्षेत्रमा प्रगति भएको छैन। तर केही क्षेत्रमा अवश्य सुधार भएको छ। हामी निराशै निराश बाट केही पनि हुँदैन र गर्न सकिँदैन भन्ने निष्कर्षमा पनि पुगेका छैनौं। हामीले जतिबेला बहुदलीय व्यवस्था ल्याएका थियौं। लोकतान्त्रिक प्रणालीमार्फत देश विकास गर्छौं भन्ने अठोट गरेका थियौं। ती अठोटहरू २०४६ सालदेखि २०८१ सालसम्म आइपुग्दा केही पनि नभएका हुन् त? हामीले गहिरिएर हेर्ने हो भने महत्वपूर्ण दूरगामी परिवर्तन भएको देख्छौं। सकारात्मक पहल भएको देख्छौं। त्यसकारण सकारात्मक परिवर्तनलाई नदेख्ने र नकारात्मक मात्रै देखाउने कुराले न त परिवर्तन गर्न सकिन्छ न त आशावादी बन्न सकिन्छ। अध्यक्ष महोदय, ७७ वटै जिल्लामा सडक सञ्जालको विस्तार सँगै विभिन्न वैकल्पिक मार्गहरू निर्माणले हाम्रो यात्रालाई सजिलो बनाएको छ। विभिन्न राजमार्गको विस्तारले नेपाली जीवनमा गुणात्मक परिवर्तन ल्याएको छ। मध्य पहाडी राजमार्ग, मदन भण्डारी राजमार्ग, हुलाकी राजमार्ग यसैगरी बनिसकेका र बन्दै गरेका उत्तर दक्षिण जोड्ने राजमार्गहरू जस्तै रसुवागढी काठमाडौं कोरला भैरहवा किमाथाङ्का विराटनगर र निकट भविष्यमा सम्पन्न हुँदैछ भनिएको हिल्सा सुर्खेतको राजमार्गले नेपाली जनजीवनलाई सहज बनाउनेछ। चारवटा पूर्व पश्चिम र पाँचवटा उत्तर दक्षिणका राजमार्गहरू

विस्तार हुनु भनेको हामीले विकासको क्षेत्रमा फड्को मारेको होइन र? यसैगरी काठमाडौं फास्ट ट्र्याकको काम सम्पन्न हुँदा हामी एक घण्टामा काठमाडौंलाई तराईसँग जोड्न गइरहेका छौं। रेल सेवा देशभित्र सुरु भइसकेको छ। रेल सेवाको लागि अगाडि बढाइएका योजनाहरु सञ्चालन हुँदा पूर्व पश्चिम रेलवे सँगसँगै चीन र भारतसँग काठमाडौं जोड्ने रेल मार्गले परिवर्तन ल्याउन खोजेको देखिँदैन र ? परिवर्तनको बाटोतिर डोहोऱ्याएको छ भन्न सकिन्न र? स्वास्थ्य उपचारको क्षेत्रमा पनि पहिलेको तुलनामा धेरै सुधारका कामहरु भएका छन्। हिजोका दिनमा सुत्केरी हुन सामान्य उपचारका लागि पनि सदरमुकाम र राजधानीका अस्पताल धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ। समयमै स्वास्थ्य उपचार नपाएर सुत्केरी महिलाले मर्नुपर्ने अवस्थाको लगभग अन्त्य भएको छ। दुर्गम भेगहरूमा हेलिकप्टरबाट समेत उद्धार गरी अस्पताल पुऱ्याउने व्यवस्थाको थालनी भइसकेको छ। स्वास्थ्य क्षेत्रमा अहिलेको योजनालाई कार्यान्वयनमा लैजाँदा ७५३ वटै पालिकामा ५ दखि १५ सैय्यासम्मका सुविधा सम्पन्न अस्पतालहरु सम्पन्न हुनेछन् र यी सबै अस्पतालहरु पूर्ण रूपमा सञ्चालनमा आएपछि स्थानीय जनताले आफ्नै पालिकाका अस्पतालमा सबै खाले उपचार पाउनेछन्। अध्यक्ष महोदय, सामाजिक सुरक्षातर्फ योगदानमा आधारित सामाजिक सुरक्षा कोषको थालनी गरेर अर्को उत्कृष्ट काम भएको छ। यस्तै वृद्ध, असहाय बालबच्चाको स्वास्थ्य उपचार देखि अन्य सुविधाहरु राज्यका तर्फबाट व्यवस्था गरिएको छ। यो दक्षिण एसियाका अन्य मुलुकभन्दा नेपालको राम्रो छ भन्ने मलाई लागेको छ। शासकीय सुधारको क्षेत्रमा सरकारले गरेको केही सकारात्मक पहल कदमीको लागि धन्यवाद दिन चाहन्छु। हाम्रा प्रणालीहरुलाई प्रविधिको प्रयोग गरेर डिजिटल माध्यमबाट सुविधा लिने व्यवस्था गरेपछि अहिले धेरै परिवर्तन आएको छ। पासपोर्ट बनाउने वैदेशिक रोजगारीमा जाँदा लिनुपर्ने श्रम स्वीकृतिदेखि इमिग्रेसन सिस्टम यी तिनै क्षेत्रको गुनासो अहिले धेरै कम सुनिने गरेको छ। नागरिक एपलाई कानुनी मान्यता दिएर त्यसको माध्यमबाट धेरै खाले कागजी प्रक्रियाको अन्त्य गरी सरल सहज ढंगबाट ५० भन्दा बढी सेवाहरू जनतालाई उपलब्ध हुने व्यवस्था गरेको छ। पहिलेका झन्झटिला प्रक्रियाको अन्त्य गरी घरमा बसी बसी मोबाइलबाटै धेरै कामहरु गर्न सकिने व्यवस्था भएको छ। यसको लागि पुनः सरकारलाई धन्यवाद दिन चाहन्छु। अध्यक्ष महोदय, यी उल्लेखित कार्यहरुसँगै सिँचाई, औद्योगिकरण, प्रविधि, शासकीय सुधार, आदि क्षेत्रमा पनि नयाँ नयाँ निर्णय गरी सरकारले काम गर्न सह्रानीय नै पहल गरिरहेको छ। मलाई लाग्छ संक्रमणकालीन अवस्थाबाट गुज्रिएको हाम्रो मुलुकका यी प्रयासहरूले सकारात्मक सन्देश दिन्छन् भन्ने लागेको छ। यति हुँदाहुँदै पनि जनताले अपेक्षा गरे अनुरुप धेरै क्षेत्रमा अझै धेरै सुधारका कामहरु गर्न बाँकी नै छ। देशभित्र रोजगारीको अवसर छैन। काम पाइँदैन। पाइहाले पनि जीविका चलाउन पुग्दैन भन्ने गुनासो गर्दै दिनहुँ ठुलो संख्यामा युवा शक्ति विदेश पलायन हुने क्रम रोकिएको छैन। १२ कक्षा नसकिँदै अब अगाडिको पढाइ कुन देशमा गर्ने, कमाइ गर्न कता जाने भनेर योजना बनाउन थाल्छन्। यही गतिमा युवा विदेश पलायन हुँदै जाने हो भने आउँदा दिनमा देशभित्र श्रम शक्तिमा कमी आउनेछ। युवाहरूको

सङ्ख्या घट्दै जाँदा जन्म दर पनि घट्दै जाने अनि वृद्धहरुको संख्या बढ्ने सम्भावना छ। यसो हुँदा हाम्रो जस्तो मुलुकको स्थिति के होला सबैले मनन गरौं। अध्यक्ष महोदय, संसदले समयमा नै समयानुकूल ऐन कानुन बनाउन नसक्दा जनताहरु सेवा सुविधाबाट बञ्चित भएका छन्। आफ्नो अधिकार समेत उपभोग गर्न वञ्चित हुने अवस्थाको अन्त्य गरिनुपर्छ। संघीय निजामती सेवा ऐन बनाउन नसक्दा स्थानीय निकायहरुमा काम गर्न अन्योलता र अप्ठ्यारोको सामना गर्नु परेको छ। निजामती सेवामा नयाँ मूल्य मान्यता तथा आदर्श विकास गरी मन्त्रालय विभाग तथा निकायको कार्य प्रणालीलाई नतिजामूलक बनाउन सहयोग पुग्ने यो ऐन चाँडोभन्दा चाँडो आउनुपर्ने थियो। मैले पहिले पनि यस सम्मानित सदनमा कुरा राखिसकेकी छु। निरंकुश पञ्चायती शासनकालमा बनेका कतिपय कानुनहरू अहिलेसम्म पनि त्यसैलाई कार्यान्वयन गरिरहेका छौं। व्यवस्था परिवर्तन भएपछि पनि यति लामो समयसम्म हामीले २०७२ सालमा बनेको संविधानको भावना र मर्मलाई आत्मसात गर्न नसकेका र कार्यान्वयनमा समेत तालमेल मिलाउन नसक्ने खालका कानुन पनि संशोधन गर्न सकेका छैनौ। बनेका ऐन कानुनहरू पनि कतिपय बाझिएका कारण कार्यान्वयनमा समस्या रहेको केही मन्त्रालयहरुले बताइरहेका छन्। मन्त्रालय मन्त्रालय बीच समन्वय र सहकार्य नहुँदा विभिन्न आयोजनाहरूले ढिला काम सुरु गर्ने समयमा काम सम्पन्न गर्न विविध अवरोध आउने काममा ढिलासुस्ती र काम रोकिने सम्मका गुनासाहरू सरोकारवालाबाट सुन्ने गरेका छौं। जसको कारण आयोजनाको लागत पनि बढ्ने गरेको छ अलपत्र आयोजनाको कारण जनताले खेप्नुपर्ने सास्ती फेरि त्यस्तै छ। सडक फुटपाथ, ढल बनाइन्छ मर्मत गरिन्छ। केही समयपछि खानेपानीको लागि पाइप ओछ्याउन त्यही सडक फुटपाथ फेरि खनिन्छ। कति दिन लाग्ने हो अलपत्र रहन्छ र केही समयपछि पुरिन्छ। फेरी ढलको लागि सडक भत्काइन्छ। विद्युत लाइनका लागि पोलहरु मर्मत गरिन्छन् तारहरू कति दिन अलपत्र यत्रतत्र छरिन्छन्। एउटा कामको लागि भत्काएको खनेको ठाउँमा अर्कोले गरिसकेको काम बिग्रिन्छ। पाइप फुट्छ तार चुँडिन्छ। उदाहरण हेरौं। भर्खरै मात्रै बबरमहल र प्रसूति गृह अगाडि मेलम्चीको पाइप फुटेर भएको घटनालाई लिन सकिन्छ। कतिपय दुर्घटना निम्त्याउने ठाउँ बन्छन् यस्ता लापरवाहीहरू। यसरी एकीकृत संयोजन र समन्वय नगरिँदा अनावश्यक काममा दोहोरो तेहेरो खर्च हुने र सास्ती हुने हुँदा सम्बन्धित निकायले आवश्यक समन्वय गरी छिटो छरितो चुस्त दुरुस्त काम गर्ने अभ्यास पनि त गर्दै जानुपर्ने हो। कृषि क्षेत्रमा अथाह सम्भावना बोकेको हाम्रो देश अझै पनि हामि खाद्यान्नमा आत्मनिर्भर बन्न सकेका छैनौं। उच्च हिमालदेखि तराईसम्म उत्पादन गर्न सकिने विभिन्न जडिबुटी तरकारी फलफुल अन्नपात आदिमा हामी आत्मनिर्भर मात्र हैन निर्यात समेत गर्न सक्ने भरपुर सम्भावना छ। यसर्थ आर्थिक मेरुदण्डको रूपमा सामर्थ्य राख्न सक्ने कृषि क्षेत्रलाई सम्मानित पेशाको रूपमा विकास गरी रोजगारीको भरपुर उपयोग गर्ने नीति र उत्पादन बढाउने वैज्ञानिक प्रविधिद्वारा कृषिमा देशको काचुँली फेर्न सक्ने सम्भावनाको विश्वास दिलाउन अनिवार्य भइसकेको छ। हरेक वर्ष प्रस्तुत हुने नीति तथा कार्यक्रममा कृषि क्षेत्रको विविध समस्याहरु समाधान गर्ने भनी महत्वकांक्षी

योजनाहरू अगाडि ल्याइन्छन्। तर ती योजनाहरूको प्रभावकारी कार्यान्वयन अझै पनि हुन सकेको छैन। हामीले बारम्बार सुन्ने गरेका कृषिका समस्याहरुलाई क्रमिक रूपमा सम्बोधन गर्दै जानुपर्ने हो। तर किसानका गुनासाहरु अहिले पनि उस्तै छन्। किसानलाई आवश्यक पर्ने रासायनिक मल स्वदेशमा नै उत्पादन गर्ने भन्ने विषय धेरै अगाडिदेखि सुन्दै आएको कुरो हो तर व्यवहारमा यो योजनालाई मूर्त रुप दिन कति समय किसानले कुर्नुपर्ने हो। समयमा नै मल बीउ नपाएर किसानले आन्दोलनमै उत्रन पर्ने अवस्थाको अन्त्य कहिले हुन्छ होला? कतै मल थन्काएर राखेको छ। कतै मल नपाएर किसानले भारतबाट महँगो मूल्य तिरेर मल ल्याउनुपर्ने अवस्थाको अन्त्य कहिले हुन्छ? जनतालाई अब आश्वासन र योजना बाँडेर मात्र हैन समयमा मलबीउ आदिको उपलब्धताको ग्यारेन्टी हुनुपर्‍यो। तात्कालिक फाइदाका लागि खेतीयोग्य उर्वर जमिनलाई प्लाटिङ गरेर कंक्रिटको भवन बनाउने होडमा हामी लागेका छौं। देशका मुख्यमुख्य सहरहरूमा बस्ती बाक्लिँदो छ। जमिन मासिदो छ। खोला नदीनाला अतिक्रमणमा पर्ने क्रम बढ्दो छ। वातावरणीय जोखिम बढ्दो छ। अत्याधिक प्रदूषणका कारण नयाँ नयाँ बिरामीका लक्षण देखिन थालेको छ। यो सँगसँगै आइरहने भुकम्पको जोखिम पनि उत्तिकै छ। यी विभिन्न जोखिमहरूबाट बँच्नका लागि अपनाउनुपर्ने उपाय कार्यान्वयन कसरी गर्ने भन्ने सवाल पनि अत्यन्तै महत्वपूर्ण छ। अध्यक्ष महोदय, नेपालमा उत्पादित वस्तुहरूले विदेशबाट आयातित वस्तुहरूसँग प्रतिस्पर्धा गर्नुपर्दा नेपाली उत्पादन घाटामा जाने गरेको छ। यसमा पनि थप बिचौलियाका कारण उत्पादकबाट बिचौलिया र विक्रेताले आफूखुसी नाफा राखेर मात्र उपभोक्तासम्म आइपुग्छ। बिचौलियाबाट सबै क्षेत्र प्रभावित हुने र सेटिङमा बिचौलियाले प्रशस्त आर्थिक लाभ लिइरहेका हुन्छन् तर आफ्नो पसिना बगाएर श्रम गर्नेले आफूले उत्पादनको गरेको वस्तु सस्तोमा बेच्न बाध्य छन् भने यता उपभोक्ता महँगो मूल्य तिरेर किन्न बाध्य छन्। त्यस्तै कतिपय अवस्थामा बजारमा कृत्रिम अभाव सिर्जना गरेर उपभोक्ता ठग्ने गरेको पाइन्छ। यसरी सम्बन्धित निकायको भूमिका कमजोर देखिँदा उपभोक्ता ठगिने गरेका धेरै उदाहरण हामीले पाएका छौं। यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी छ। अब हामीले औद्योगिकीकरणमार्फत देशभित्रै रोजगारी सृजना गरेर शिक्षाको गुणस्तर खासगरी सामुदायिक विद्यालय शिक्षा उच्च शिक्षामा देखा परेको खस्कँदो गुणस्तरलाई सुधार्दै मुलुकलाई सुधारको बाटोमा लैजाने काम गर्नुपर्दछ। हाम्रा छिमेकी मुलुकहरु सफलतापूर्वक जसरी तीव्र विकासको गतिमा अगाडि बढेका छन्। त्यसैगरी हामी पनि लोकतान्त्रिक प्रणाली अपनाएर शान्तिपूर्ण बाटोबाट आर्थिक विकास गर्दै सामाजिक रूपान्तरण गर्दै समाजलाई अझ सभ्य विकसित बाटोमा लैजान पहल यही व्यवस्थाका माध्यमबाट हुन सक्छ अध्यक्ष महोदय। आज मैले बढ्दो निराशा र हामीमा उत्पन्न एक किसिमको अविश्वास भ्रम अलमल जस्ता कुरालाई सम्बोधन गर्न खोजेको हुँ। गर्नुपर्ने काम धेरै छन् निराश मात्रै हुनुहुने अवस्था छैन। गर्न सकिन्छ। प्रगति गर्न सक्ने सम्भावना पनि हाम्रो देशमा प्रशस्तै छ। हामीले नै यो देशको सुधार गर्ने हो। हस् त धन्यवाद।

(१४:५९ बजे) <u>पुनःपिठासीनः</u> सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दहाल।

(१५:०७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरु, विशेष समयमा माननीय सदस्यहरुले बोल्ने क्रम यही समाप्त हुन्छ।

माननीय सास्यहरू, ११५औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा साथै शुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले आफ्ना भनाइ राख्ने क्रममा उठाउनुभएका महिला र बालबालिका हिंसा ,बलात्कार, हत्या लगायतका विषय शिक्षकहरूको आन्दोलन, स्वर्गद्वारी गुठीका समस्या, दलित, आदिवासी जनजाति र किसानका समस्या एवं सुशासन, सेवा प्रवाह लगायतका समसामयिक विषयमा गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदै राष्ट्रिय सभाको नियमावलीले तोकेको समय अवधिभित्र सभामा आइ जवाफ दिन नेपाल सरकार र सम्बन्धित मन्त्रीहरूलाई आग्रह गर्दछु।

माननीय सदस्यहरु अब म सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँछु।

(१५:०९ बजे) <u>माननीय उपप्रधान एवं अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:१० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल चैत ४ गते सोमबार अपराह्ण १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल चैत ४ गते सोमबार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगितः १५:१० बजे।